# घ्याङलेख कृषि दर्पण

## आ. व. २०७९।०८०

**प्रकाशकः**

**घ्याङलेख गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कृषि शाखा**
**हायुटार, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

**प्रमुख संरक्षक**
श्री जगत बहादुर भोलन, अध्यक्ष

**सह-संरक्षक**
श्री शंकर मान घलान, उपाध्यक्ष

**सम्पादन सल्लाहकार**
श्री राम कुमार कार्की, प्रमुख प्रशासकीय अधिकृत
श्री सुरेश कुमार अधिकारी, लेखा अधिकृत (सातौं)
श्री सुरेन्द्र कुमार स्याङतान, वि. नि.

**सम्पादक**
छिरिङ दोर्जे लामा, प्राविधिक सहायक पाँचौं
कृषि विकास शाखा प्रमुख

**सर्वाधिकार**
प्रकाशकमा निहित

**मुद्रण**
१०० प्रति

**प्रथम संस्करण**
असार, २०८०

**आवरण पृष्ठ** : घ्याङलेख गाउँपालिकासँग सम्बन्धित तस्वीरहरू ।
**कम्प्यूटर (आवरण/पुस्तक) डिजाईन** : किशोर कुमार वाइबा (९८४११६४६६५)

**नोट** : घ्याङलेख गाउँपालिकाको लिखित स्वीकृति बिना यसको पुरै वा आंशिक भाग विद्युतीय माध्यमबाट वा छायाँ प्रति हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाईने छैन । यसो गरेको पाईएमा प्रतिलिपि अधिकार ऐन बमोजिम कारबाही गरिने छ ।

# प्रमुखको भनाई



✍जगत बहादुर भोलन
अध्यक्ष

विकास भनेको सकरात्मक परिवर्तन हो । विकासमा बिभिन्न पक्षहरु रहेका छन् जस्तो की राजनैतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा विभिन्न क्षेत्रगत पूर्वाधार (सडक, विद्युत, खानेपानी, सिंचाई आदी साथै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन आदीलाई लिन सकिन्छ ।समग्र स्थानीय स्तरमा रोजगारी, आयआर्जन, जीविकोपार्जन र समृद्धिलाई समेट्ने उद्धेश्य राख्नु पर्दछ । यस प्रकारको उद्धेश्य कृषि क्षेत्रबाट सम्भव हुन्छ । घ्याङलेख गाउँपालिकाको नारा "शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार, घ्याङलेख समृद्धिको आधार" मा कृषिको प्राथमिकता झल्किन्छ । घ्याङलेख गाउँपालिकामा कृषि खाद्यान्न बालीहरु धान, गहूँ, मकै, कोदो तथा तरकारी बालीहरु आलु, बकुल्ला, गोल्भेडा, सिमि, बोडी, सागसब्जी आदिको व्यवसायिकता रहेको छ भने यसै आर्थिक वर्षबाट प्रत्येक वडामा कृषि प्राविधिकहरुको परिचालनबाट कृषि क्षेत्रको स्तरउन्नती र व्यवसायिकतामा सहयोगी हुने अपेक्षा गर्न सकिन्छ ।

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको संघिय संरचना अनुरुप गाउँपालिका क्षेत्रमा कृषिको अवस्था,संभावना आदीको विवरणको जानकारी भएमा कृषि विकासको आगामी नीति तथा योजना तर्जुमामा मार्गदर्शन हुन्छ। यसका लागि आवश्यक तथ्याङ्क संकलन गरि घ्याङलेख गाउँपालिका अन्तर्गतको कृषि विकास शाखाले तयार पारेको यो पुस्तिका घ्याङलेख गाउँपालिकामा कृषि विकासको लागि कोशेढुंगा सावित हुनेछ । यस पुस्तिका तयार पार्न तदारुकताका साथ खटिनु हुने कृषि शाखाका प्रमुख छिरिङ दोर्जे लामा धन्यवादका पात्र हुनुहुन्छ। आगामी दिनहरुमा यस प्रकारको प्रस्तुतिलाई अझ परिस्कृत गर्न सम्पूर्ण सरोकारवालाहरुबाट सल्लाह, सुझाव एवं पृष्ठपोषणको अपेक्षा गर्दछु ।

धन्यवाद !

# सन्दर्भ

नेपाल राज्यको प्रदेश नं. ३, सिन्धुली जिल्ला अन्तर्गत पर्ने घ्याङलेख गाउँपालिका सिन्धुली जिल्लाको कर्णाली भनेर चिनिन्छ । यस पालिकाको प्रायः भूभाग ग्रामिण परिवेश र हाल कृषि व्यवसाय जीविकोपार्जनको स्रोत भएकोले कृषिको व्यवसायिकरण र पर्यटनको प्रचुर संभावना रहेको छ । नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको संघीय संरचना अनुरुप घ्याङलेख गाउँपालिका क्षेत्रमा कृषिको अवस्था, संभावना आदिको विवरणको जानकारी भएमा कृषि विकासको आगामी योजना तर्जुमामा मार्गदर्शन हुन सक्ने भएकोले गाउँपालिकाका सबै वडाहरुबाट २०७९ कार्तिक र मंसिर महिनामा वडाहरुको कृषि तथ्यांक, कृषिको संभाव्यता तथा प्राथमिकता संकलन गरिएको थियो । तथ्यांक संकलन खाकामा वडाको आधारभूत जानकारी, उत्पादन भइरहेका बालीहरु र लगाइएका क्षेत्रफलहरु, स्थानीय तह अन्तर्गतका कृषि तथा पशुपंक्षी फर्म,कृषक समूह,सहकारी तथा गैह्रसरकारी संस्थाहरुको विवरण संलग्न रहेको थियो । यद्यपि आगामी दिनहरुमा गाउँपालिकामा भूउपयोगको  बिस्तृत विवरण खेतीयोग्य जमिन, खेती भैरहेको जमिन, बाँझो जग्गा, प्लाटिङ्गले ओगटेको जग्गा,बन जंगल आदि) कृषि जन्य स्रोत केन्द्रहरुको बिवरण (आई.पि.एम., बीउ उत्पादन, नर्सरी, मौरी पादन, च्याउ खेती, माछा पालन आदि) कृषि उपज संकलन केन्द्र, बजार केन्द्र, मलखाद पसल, एग्रोभेट आदिको समेत बिवरण संकलन गरि कृषि क्षेत्रको प्रबर्द्धन तथा नियमन गर्न जरुरी रहेको छ । आगामी दिनहरुमा कृषिको बिस्तृत बिवरण तयार गर्न यो प्रारम्भिक प्रतिवेदन उपयोगी हुने अपेक्षा गरिएको छ । विगतमा गाउँपालिकाको कृषि शाखाद्धारा सम्पादित गतिविधिहरु साथै सान्दर्भिक प्राविधिक जानकारी समेत प्रस्तुत गरिएको छ ।

यस पुस्तिकामा संलग्न विवरणहरु संकलन गर्न सहयोग गर्नु हुने वडाका वडा अध्यक्षहरु र कृषि प्राविधिकहरु रुका विश्वकर्मा, सरस्वती सुनुवार, सर्मिला स्याङतान, दिल कुमार श्रेष्ठ र दिर्गराज थिङ धन्यवादका पात्र हुनुहुन्छ । यस कार्यका लागि उत्साह तथा हौसला दिनुहुने घ्याङलेख गाउँपालिकाका अध्यक्ष श्री जगत बहादुर भोलन, उपाध्यक्ष श्री शंकर मान घलान, प्रमुख प्रशासकीय अधिकृत श्री राम कुमार कार्की, लेखा अधिकृत सातौं श्री सुरेश कुमार अधिकारी र विद्यालय निरिक्षक श्री सुरेन्द्र कुमार

स्याङतान प्रति आभार व्यक्त गर्दछु । साथै बरिष्ठ बाली संरक्षण अधिकृत श्री देवराज अधिकारी र कृषि ज्ञान केन्द्र सिन्धुलीमा कार्यरत बागवानी विकास अधिकृत सातौं श्री कृष्ण अधिकारीले उपलब्ध गराउनु भएको सूचना एवं पृष्ठपोषणका लागि धन्यवाद ज्ञापन गर्दछु । यस प्रकाशनमन समेटिएका बिवरणहरु आगामी दिनहरुमा अझ परिस्कृत हुन जरुरी हुन्छ । यसका लागि पृष्ठपोषण गरिदिनुहुन सम्पूर्ण पाठक वर्गमा अनुरोध गर्दछु ।

**छिरिङ दोर्जे लामा**, प्राविधिक सहायक पाचौं,
प्रमुख, कृषि विकास शाखा, घ्याङलेख गाउँपालिका, सिन्धुली
असार, २०८०
ईमेल: chhiringlama2077@gmail.com

***

## घ्याङलेख गाउँपालिकाको वडा कार्यालयहरूको E-Mail Address

| क्र. सं. | वडा कार्यालय | E-Mail Address |
|---|---|---|
| १ | १ नं. वडा कार्यालय, अमले | ward1@ghyanglekhmun.gov.np |
| २ | २ नं. वडा कार्यालय, हायुटार | ward2@ghyanglekhmun.gov.np |
| ३ | ३ नं. वडा कार्यालय, तामाजोर | ward3@ghyanglekhmun.gov.np |
| ४ | ४ नं. वडा कार्यालय, बन्दिपुर | ward4@ghyanglekhmun.gov.np |
| ५ | ५ नं. वडा कार्यालय, रामपुर | ward5@ghyanglekhmun.gov.np |

## घ्याङलेख गाउँपालिकाको

**प्रवक्ता**
श्री रोशन कुमार भ्लोन, २ नं. वडा अध्यक्ष (९८६१८२५७७५)

**सूचना अधिकारी**
श्री किशोर कुमार वाइबा, सूचना प्रविधि अधिकृत (९८४११६४६६५)

# परिचय

क्रान्ति भन्नाले पुरानोलाई नयाँले विस्थापित गर्नुलाई जनाउँदछ। खास गरी क्रान्ति शब्दको प्रयोग राजनीतिक सामाजिक व्यवस्थामा हुने परिवर्तनलाई सङ्केत गर्दछ। कुनै पनि कुरामा हुने आमूल परिवर्तन वा मूलभूत कुरामा हुने परिवर्तनलाई क्रान्ति भनिन्छ । यस कारण कृषि क्षेत्रमा हुने आमूल परिवर्तनलाई कृषि क्रान्ति भनिन्छ । हाल कृषिमा आत्मनिर्भर हुने, आयात प्रतिस्थापन र निर्यात प्रवर्दधा पनि कृषि क्रान्तिको एक स्वरूप नै हो । कृषि क्रान्तिले कृषिजन्य बस्तुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने, कृषिमा व्यवसायीकरण, आधुनिकीकरण, औद्योगीकरण, विविधीकरण हुने, रोजगारमा उल्लेख्य वृद्धिभई आय आर्जनमा वृद्धि हुने, कृषिमा आधारित उद्योगहरू सञ्चालन हुने, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको ग्यारेन्टी भएको अवस्थालाई जनाउँदछ ।

बि.सं. १८६१ साल देखि ०६२/०६३ सालसम्म भएका बिर्तावालको विद्रोह, सुब्बा कृष्णलाल अधिकारीको मकै खेती किसान आन्दोलन, यो गमायाका वाणी, बेठ प्रथा उन्मुलन, किसान सङ्घ स्थापना, रौतहटको तमसुक फट्टा आन्दोलन, किसान नेता भीमदत्त पन्तको "कित जोत हलो, कित छोड थलो, होइन भने अव छैन भलो" ऐतिहासिक किसान आन्दोलन, पुनर्वास र सुकुम्वासी आन्दोलन, नवलपरासी र रुपन्देही आन्दोलन, झापा आन्दोलन, भकारी फोर आन्दोलन, छिन्ताङ र पिस्कर आन्दोलन किसान आन्दोलन, माओवादी जनयुद्ध वा सशस्त्र सङ्घर्ष, मधेस आन्दोलन, आदिवासी जनजाति, दलित आन्दोलन लगायतका विभिन्न आन्दोलनहरुकृषि क्रान्तिसँग सम्बन्धित तथा अन्तर सम्बन्धित थिए । कृषि क्रान्तिले मुलुकको राजनीतिक सामाजिक क्रान्तिहरूको उद्देश्यलाई सम्बोधन गर्दछ । कृषि तथा पशुजन्य पदार्थको उत्पादनमा उल्लेख्य वृद्धिले कृषि क्रान्ति भएको आभास भएपछि मात्र "**समृद्ध नेपाल, सुखी नेपाली**" को नारा सार्थक हुनेछ ।

हाम्रो देशमा सबै किसिमको हावापानी पाइने भएकोले यहाँ सबै किसिमका कृषि उपजहरू उत्पादन गर्न सकिन्छन् । हाल कोभिड १९ को कारणले बिदेसिएको जनशक्ति पनि उपलब्ध भएकोले समृद्ध मुलुकको लागि कृषि नै प्रमुख तथा उत्तम विकल्प रहेकोले नेपालमा कृषि क्रान्तिको लागि उचित वातावरण तयार भएको छ ।

नेपालको भू उपयोगको अवस्था हेर्दा खेती गरिएको जमिन २१%, खेती नगरिएको जमिन ७%, वनजंगल रहेको जमिन २९%, झाडी रहेको जमिन १०.६%, चरन खर्क रहेको जमिन १२%, पानी रहेको जमिन २.६% र अन्य जमिन १७.८% रहेको छ ।

हावापानीको दृष्टिकोणले नेपाल एउटा अचम्मको देश हो । यहाँ उच्च हिमालको ठण्डा टुण्डा हावापानीदेखि तराईको उष्ण प्रदेशीय हावापानी पाइन्छ। यहाँ सबै भन्दा बढी वर्षा पोखरामा ३३४५ मी.मी. र सबै भन्दा कम वर्षा मुस्ताङमा ३०० मी.मी. एवं वार्षिकऔसत वर्षा १६०० मी.मी. हुन्छ । यहाँ मुख्य वर्षा असारदेखि भाद्रसम्म हुन्छ। यहाँ साना ठुला छ हजार भन्दा बढी नदीनालाहरूबाट बर्षेनी १७ देखि २२५ अर्व क्युबिक मिटर पानी बग्दछ। नेपालमा सम्पूर्ण कृषि भूमिमा बाह्रै महिना सिँचाई गर्न ३५ अर्व क्युबिक मिटर पानी आवश्यक पर्दछ ।

नेपालको हावापानी अनुसार तराई अन्नको भण्डार, पहाडलाई फलफूल खेती र उच्च पहाड तथा हिमाली क्षेत्रमा पशुपालन भए पनि न तराईमा क्षमता अनुसारको अन्न उब्जाउन सकेको छ, न पहाडमा फलफूलको विकास गर्न सकिएको छ न उच्च पहाड तथा हिमाली भेगमा पशुपालन गर्न सकिएको छ न जडीबुटीको खेती नै गर्न सकिएको छ । सम्भावनाहरूको पहिचानको लागि उचित योजना बनाउनु आवश्यक देखिन्छ । सबै साधन श्रोतहरू मध्ये मानव साधन तथा जनशक्ति महत्त्वपूर्ण मानिन्छ। विश्वव्यापी कोरोनाको महामारीले बिदेसिएको जनशक्ति स्वदेश फर्केका छन्। यिनीहरूको लागि सजिलो गर्न सकिने पेसा व्यवसाय पनि कृषि नै देखिएको छ । देश भरी करिब २५ प्रतिशत खेतबारी बाँझै रहेको एकातिर छ भने अर्कातिर खानपिनमा आयातित संस्कारहरूले निकै उतार चढाव आएको छ । खाने परिकार तथा खाने बानी फेरिएको छ। पोषण युक्त खाने कुराको उपभोगमा जोड दिइएको छ । हामीले जहाँ जे उत्पादन हुन्छ त्यहाँ त्यसको उपभोग नगरी उच्च पहाडी क्षेत्रमा आलु, उवा, कागुनो, चिनो, कोदो, फापर उत्पादन हुन्छ भने त्यहाँ भात खाने परम्परागत परिकार नखानाले खाद्य सुरक्षामा सङ्कट पैदा भएको छ यसलाई समयमै ध्यान दिनु आवश्यक छ ।

कृषि उत्पादनको लागि सबैभन्दा महत्त्वपूर्ण कुरा जमिन हो। जमिनलाई न त फराकिलो पार्न सकिन्छ न खुम्चाउन नै सकिन्छ। कृषि कार्य एउटा उत्पादन कार्य भएकाले उत्पादनका साधनहरू जमिन, श्रम, पुँजी र सङ्गठनको पर्याप्त उपलब्धता हुनु अपरिहार्य ।

नेपालमा कृषि क्षेत्रको औपचारिक रूपमा विकासको सुरुवात वि.सं. १९७८ सालमा कृषि अड्डाको स्थापना भएपछि मानिन्छ । औपचारिक रूपमा कृषि क्षेत्रको विकासको सुरुवात भएको एक शताब्दी हुन लाग्दा सम्ममा पनि कृषिमा आत्मनिर्भर हुनको सट्टा परनिर्भरता दिनानुदिन बढ्दै गइरहेकोले कृषि क्रान्ति अपरिहार्य रहेको कुरालाई नकार्न सकिँदैन ।

## किसान आन्दोलनको इतिहास :

- वि.सं. १८६१ सालमा गुठी, बिर्ता, किपट जग्गाको विवरण तयार गरी १८६२ सालमा ती जग्गा जफत गरिएको घोषणा गरियो । आफ्नो बिर्ता खोस्दा बिर्तावालहरुले विद्रोह गरेको थियो। यसलाई बासट्ठी हरण भनिन्छ ।
- वि.सं. १९३६/३७ सालमा सावाँ र व्याज तिर्न नसकी किपट जमिन गुमाउनु पर्दा लिम्बुहरूले विरोध गर्नु परेको थियो ।
- वि.सं. १९७७ सालमा सुब्बा कृष्णलाल अधिकारीले मकै खेती लेखेर किसान आन्दोलन उठान गरेको थियो ।
- वि.सं. १९९६/९७ सालमा योगमायाका बानीहरू र विद्रोहले किसान आन्दोलन उठान गरेको थियो ।
- वि.सं. २००५ सालमा बेठ प्रथा उन्मूलन आन्दोलन सुरु भएको थियो ।
- वि.सं. २००७ सालमा किसान सङ्घको स्थापना भएको थियो ।
- वि.सं. २००८ सालमा भूमि सुधार घोषणा भएको थियो ।
- वि.सं. २००८ सालमा भीमदत्त पन्तको नेतृत्वमा “कि जोत हलो, कि छोड थलो, होइन भने अव छैन भलो” ऐतिहासिक किसान आन्दोलन शुरुवात भएको थियो ।
- वि.सं. २००९ सालमा रौतहटमा “तमसुक फट्टा” आन्दोलन सुरु भएको थियो ।

- वि.सं. २००९ सालमा भूमि सुधार कमिसन गठन भएको थियो ।
- वि.सं. २००९/२०१२ सालसम्म किसान आन्दोलन सशक्त रूपमा उठेको थियो ।
- वि.सं. २०१३ सालमा भूमि सुधारका केही कार्यक्रम घोषणा गरिएको थियो ।
- वि.सं. २०१४ सालमा भूमि सुधार ऐन जारी गरिएको थियो ।
- वि.सं. २०१६ सालमा बिर्ता उन्मूलन ऐन जारी गरिएको थियो ।
- वि.सं. २०१६ सालमा खनियाँबास धादिङमा सामन्ती शोषण उत्पीडन विरुद्ध गरिब किसान विद्रोह गरिएको थियो ।
- वि.सं. २०२१ सालमा चितवन पुनर्वास र सुकुम्वासी व्यवस्थापन आन्दोलन गरिएको थियो ।
- वि.सं. २०२१ सालमा भूमि सम्बन्धी ऐन जारी गरिएको थियो ।
- वि.सं. २०२३ सालमा नवलपरासीको परासी र रुपन्देहीको अजगरामा भएको किसान आन्दोलन गरिएको थियो ।
- वि.सं. २०२८ सालमा झापा आन्दोलन किसान क्रान्ति गरिएको थियो ।
- वि.सं. २०३४ सालमा चेपाङ, दलित, गरिब, सुकुम्बासीहरुद्वारा चितवनको जुगेडी सङ्घर्षको आन्दोलन गरिएको थियो ।
- वि.सं. २०३६/३७ सालमा धनुषा लगायतका जिल्लाहरूमा “भकारी फोर” आन्दोलन गरिएको थियो ।
- वि.सं. २०३६ सालमा धनकुटाको छिन्ताङ र २०३७ सालमा सिन्धुपाल्चोकको पिस्कर महादेव मन्दिरमा सङ्गठित किसान आन्दोलन नेपाल कम्युनिस्ट पाटीको नेतृत्वमा गरिएको थियो ।

- वि.सं. २०४६साल पछि पुनः एकपटक किसानहरूमा जमिन माथिको स्वामित्व हुनु पर्ने भावना जागे थियो ।
- वि.सं. २०५२ साल फाल्गुन १ देखि सुरुवात भएको माओवादी जनयुद्ध तथा सशस्त्र सङ्घर्षमा देश व्यापी रूपमा किसानहरूलाई आन्दोलनमा समावेश गराई जमिन कब्जा, कमैयालाई पुनः बास गराउने, कृषकहरूलाई कृषि ऋणबाट मुक्त गर्ने लगायतका किसानका मुद्धाहरु उठाएका थिए ।

### आयातको अवस्था :

चामल वार्षिक करिब ३० अर्व, गुन्द्रुक करिब १ अर्व,फलफूल, तरकारी, मसला, तेल, सामुद्रिक माछा वार्षिक करिब ३० अर्व, मासु जन्य पदार्थ करिब २.५ अर्व र वार्षिक कुल कृषि जन्य पदार्थ करिब ६० अर्व भन्दा बढीको आयात भइरहेको अनुमान गरिएको छ ।

### खाद्यान्नको असुरक्षाको अवस्था :

३४ जिल्लामा खाद्यान्नको असुरक्षा रहेको छ। देशको कतिपय भागमा आन्तरिक उत्पादनले ६ महिनासम्म पनि खान पुग्दैन तर सन १९८० को दशक सम्म नेपालले खाद्यान्न निर्यात गर्दथ्यो ।

### कृषि क्षेत्रका समस्याहरू :

नेपालमा रोजगारी, राष्ट्रिय आय, पुँजी निर्माण, वैदेशिक व्यापार, औद्योगिक कच्चा पदार्थ आदिको लागि कृषि क्षेत्र अपरिहार्य रहेता पनि यस क्षेत्रको उचित विकास हुन सकेको छैन । नेपालको कृषि तन्त्र पछाडि पर्नुका कारणहरू निम्नअनुसार रहेका छन् । जस्तै :

कृषि कर्म गर्ने किसानसँग आवश्यक जमिन नहुनु र कृषि नगर्ने जमिन्दारसंग जमिन हुनु, युवा जनशक्ति विदेश पलायन हुनु, शिक्षित युवायुवतीहरूको आकर्षणको पेसा हुन नसक्नु, विशेषज्ञता हासिल गरेका युवायुवतीहरूले पेसाको रूपमा नलिनु वा कृषि तथा भेटेरिनरी विषयलाई उच्च शिक्षा हासिल गरेका युवा युवतीहरूको जागिर खाने

वा विदेश जाने लक्ष हुनु, सिँचाई सुविधाको कमी, परम्परागत प्रविधि, खेत गोठमा प्राविधिक सेवा उपलब्ध नहुनु कृषि कर्जाको अभाव, बढ्दो जनसङ्ख्याको चाप, बजार सुविधाको अभाव, कृषि अनुसन्धानको कमी, भौतिक पूर्वाधारको अभाव, उपलब्ध साधन श्रोतको प्रभावकारी उपयोग नहुनु, उचित सरकारी नीतिको अभाव उत्पादन लागत उच्च हुनु, उत्पादन सामाग्रीको उपलब्धता पर्याप्त नहुनु, उत्पादित बस्तुले बजारमा उचित मूल्य नपाउनु, सबै उत्पादनहरूको बिमा सुविधा नहुनु,उत्पादनका आधारमा अनुदान उपलब्ध नहुनु आदि ।

**अवसरहरू :**

- नेपालको संविधान समाजवाद उन्मुख रहेकोले कृषि क्रान्तिको लागि उपयुक्त रहेको ।
- नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तरगत धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था गरिनु र धारा ५१ (ङ) कृषि र भूमि सुधार सम्बन्धी नीतिको व्यवस्था गरिनुको साथै कृषि सम्बन्धी व्यवस्थालाई संविधानको अनुसूचीहरूमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार स्पष्ट गर्नु ।
- सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहमा सरकारको उपस्थिति हुनु ।
- करिब ५ प्रतिशत घरपरिवार भूमिहीन भएकाले श्रम आपूर्तिमा सहभागी गराउन सकिने ।
- करिब ४ प्रतिशत ठुला किसानसँग करिब २२ प्रतिशत जमिन हुनु ।
- कुल राष्ट्रिय गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २७ प्रतिशत हुनु ।
- कृषि पेसामा संलग्न जनसङ्ख्या ६०.४ प्रतिशत (कृषि पेसामा संलग्न महिला ७२.८ प्रतिशत र पुरुष ६०.२ प्रतिशत हुनु) ।

- बेरोजगार शिक्षित युवायुवतीहरू र सेवा निवृत्त भएका कर्मचारीहरू, विदेशबाट स्वदेश फर्केका युवायुवतीहरूको मुख्य रोजाईको पेशाको रूपमा कृषि पेसा हुनु ।
- हुनुको साथै अन्य सरकारी तथा गैरसरकारी सेवामा आबद्ध भएका कर्मचारीहरूको वैकल्पिक पेसाको रूपमा कृषि नै रोजाइको पेसा हुनु ।
- कृषि व्यवसायले औद्योगीकरण गरी रोजगारीको सुनिश्चितता हुने ।
- कृषि उद्योगको विकासको प्रचुर सम्भावना हुने ।
- जमिनमा रहेको निजी स्वामित्व खारेज गरी जमिनको स्वामित्व राज्य मार्फत सम्पूर्ण नगरिकमा हुने ।
- जल, जमिन, जङ्गल, जडीबुटी, खनिज पदार्थ लगायतका प्राकृतिक साधन स्रोतमाथि निजीकरणको अन्त्य गर्न ।
- अधिकांश नागरिकहरू भीरपाखा, खोच, खोला, नाला, किनार लगायतका असुरक्षित ठाउँमा बसोबास भएकोले उनीहरूलाई सुरक्षित ठाउँमा बसोबास गराउन ।
- सम्पूर्ण नागरिकहरूलाई राज्यबाट व्यवस्थित आवासको व्यवस्था हुने ।
- स्थायी रूपमा घरबास विहीन, भूमिहीन तथा सुकुम्वासी समस्याको अन्त गर्न ।
- स्वदेशमा नै कृषि उत्पादन तथा कृषि उद्योग स्थापना गरी रोजगार सिर्जना गरी बेरोजगारी अन्त गर्ने
- खाद्यान्नमा आत्मनिर्भर हुँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने ।
- कृषि पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने ।
- जसको जोत उसको पोत कार्यान्वयन गराउन ।

- "कित जोत हलो, कित छोड थलो, होइन भने अव छैन भलो" किसान नेता भीमदत्त पन्तद्वारा सुरु गरिएको अभियानलाई पूर्णता दिन वा हालसम्मका क्रान्तिमा होमिएका शहीदहरूको सपना साकार पार्न वा नेपाली क्रान्ति पुरा गर्नको लागि तथा हालसम्म भएका विभिन्न क्रान्तिको अन्त्य गर्न ।
- योजनाबद्ध सहरी बसोबास गराउन ।
- हरेक नागरिकहरूलाई काम अनुसारको पेन्सन दिन ।
- मुलुकमा सुशासन कायम हुन गई भ्रष्टाचार न्यूनीकरण हुने ।
- मुलुकमा समाजवादको लागि आधार स्तम्भ तयार हुने ।
- कृषि प्रधान देशको सार्थकता हुने ।
- समृद्ध नेपाल, सुखी नेपालीको नारा साकार पर्न सक्ने दरिलो माध्यम हुने ।

**चुनौतीहरू :**

- जमिनको राष्ट्रियकरण गरी सरकारको स्वामित्वमा ल्याउन वा जमिन्दारहरुलाई जमिनबाट अलग्याउन ।
- व्यक्तिको जमिन सुपथ मूल्यमा सरकारले खरिद गरी सामूहिक खेतीमा प्रयोग गर्न ।
- भूमिको कारोबार निजी तवरबाट बन्द गरी सरकारी तवरबाट गर्न ।
- भू माफियाबाट भूमिलाई अलग गर्न ।
- जमिनको चक्लाबन्दी गर्न ।
- खेती योग्य जमिनमा भइरहेको प्लटिङ कार्य बन्द गर्न ।

- कृषि शिक्षालाई प्राथमिकतामा राखी अध्ययन अध्यापन गराउनु ।
- क्रान्तिकारी भू उपयोगको नीति तर्जुमा तथा कार्यान्वयन गर्न ।
- हरेक स्थानीय तहमा कृषिको लागि आवश्यक भौतिक पूर्वाधार विकास गर्न ।
- सबै ठाउँमा यान्त्रिकीकरणको प्रयोग गर्न ।
- कृषिमा सहुलियत ऋणको व्यवस्था गर्न ।
- परम्परागत कृषिबाट व्यावसायिक कृषि अपनाउन
- युवाहरूलाई विदेश पलायन हुनबाट रोकी कृषि पेसामा आकर्षित गराई पेसामा अड्याई राख्न
- जलवायु परिवर्तन अनुकूलन गराउन।
- सबै राजनीतिक दलहरूलाई कृषि क्रान्तिको लागि एउटै मोडलमा सहमत गराउन ।

**अबको बाटो**

कुनै पनि मानिसले जन्मँदाखेरि नै कुनै पनि सम्पत्ति लिएर आएको हुदैन । राजनीति र सामाजिक व्यवस्थाले निजलाई सम्पत्तिको मालिक बनाएको हुन्छ । नेपालमा कृषि क्रान्ति गर्नको लागि हाल विद्यमान कृषि प्रणाली र संरचनालाई पुरै बदल्नुको विकल्प छैन । यही कार्यक्रम नीति र संरचना भित्र रहेर कृषि पेसा न खतम नै हुन सक्छ न यो राम्रो नै हुन सक्दछ । यस कारण राज्यले कृषिमा आमूल परिवर्तन गर्न आवश्यक छ । यसको लागि निम्न लिखित कुराहरू अवलम्बन गर्नु अपरिहार्य छ :

- **नेपालमा कृषि क्रान्तिको लागि निम्न लिखित कुराहरूमा निम्न अनुसार गर्नु पर्ने हुन्छ :**

  - ***हरित क्रान्ति*** : नेपालमा उत्पादन गरिने प्रमुख खाद्यान्न

बालीहरू धान, मकै, गहुँ, जौ, उवा, फापर, कोदो आदि खाद्यान्नको उत्पादनको लागि भौगोलिक वर्गीकरण गरी तराई तथा मधेस पहाड र उच्च पहाडमा गर्ने । कृषि क्रान्तिको लागि हरित क्रान्ति नगरी अन्य क्रान्ति सम्पन्न गर्न सकिँदैन ।

- ***जैविक क्रान्ति :*** नेपालमा शत्रु जीव व्यवस्थापनको लागि परम्परागत तरिकाहरू अवलम्बन गरिँदै आएका छन् । अझै पनि अधिकांश ठाउँमा जैविक खेती पद्धति नै अपनाएको पाईनछ । खास गरी रासायनिक विषादीलाई न्यूनीकरण गर्दै स्थानीय साधन स्रोतको प्रयोग गरी जैविक पद्धतिबाट शत्रुजीवहरु व्यवस्थापन गरी दिगो कृषि विकास र जैविक कृषि क्रान्ति एकीकृत शत्रु जीव व्यवस्थापन प्रणाली अवलम्बन गर्नुलाई जनाउँदछ । कृषि क्रान्तिको लागि हरित क्रान्तिपछि दोस्रो स्थानमा जैविक क्रान्तिको स्थान आउँदछ ।

- ***श्वेत क्रान्ति :*** नेपालमा दूध उत्पादनको लागि उन्नत जातका गाई र भैंसी मध्य पहाडी लोक मार्ग तथा हुलाकी मार्ग र विभिन्न लोक मार्गका कोरिडोर केन्द्रित गर्नु पर्दछ। कृषि क्रान्तिको लागि जैविक क्रान्तिपछि तेस्रो स्थानमा श्वेत क्रान्तिको स्थान आउँदछ ।

- ***नील क्रान्ति :*** नेपालको तराई तथा उपत्यका क्षेत्रमा र नदी किनारमा पोखरी बनाई माछा उत्पादन गर्ने ।

- ***रजत क्रान्ति :*** नेपालको तराई र पहाडी क्षेत्रमा जहाँ यातायात सुविधा पुगेको ठाउँ लेयर्स कुखुरा, हाँस, टर्की, बट्टाई, लौकाट, इमु, शुतुर मुर्ग आदिको पालन गरी व्यापक रूपमा अण्डा उत्पादन गर्ने ।

- ***पीत क्रान्ति :*** नेपालको तराई, उपत्यका र पहाडको समथर टारहरूमा तोरी, सर्स्यू, रायो, तिल, आलस, बदाम, सूर्यमुखी, अँडेल, फिलिङ्गे आदि तेलहन बालीको खेती गर्ने ।

- ***खैरो क्रान्ति :*** पशुपालन गरेको स्थानमा गोठेमल र कम्पोष्ट मल एवं अन्य ठाउँमा हरियो मल र गड्यौंला मल उत्पादन गर्ने र तराई क्षेत्रमा रासायनिक मल कारखाना खोली मल उत्पादन गर्ने ।

***- सुनौलो क्रान्ति :*** नेपालको विभिन्न भौगोलिक हावापानी अनुसार तराई देखि उच्च पहाड सम्म केरा, मेवा, आँप, कटहर, भुँइकटहर, लिची, ड्राइगन फ्रुट, स्ट्रबेरी, अनार, अङ्गुर, आरु, आरुवखडा, सुन्तलाजात (सुन्तला, कागती, जुनार, ज्यामिर, चाक्सी, भोगटे) नासपाती, स्याउ, किवी, तर भुजा, खरबुजा आदि फलफूल उत्पादन गर्ने ।

***- रक्त क्रान्ति :*** नेपालको मध्य पहाडी लोक मार्गमा बाखा पालन र तराई र उपत्यकाहरूमा पाडापालन, बङ्गुर पालन र ब्रोइलर कुखुरा पालन तथा गोलभैँडा खेती गरी मासु र गोलभैँडा उत्पादन गर्ने ।

***- गोलो क्रान्ति :*** नेपालको सबै हावापानी सुहाउँदो आलुका जात अनुसार आलु खेती गर्ने । उपर्युक्त कृषि तथा पशु जन्य उत्पादन पदार्थ उत्पादन लगायत उच्च पहाडमा याक नाक चौंरी च्याङ्ग्रा भेडा पालन गरी ऊन तथा पस्मिना उत्पादन गर्ने ।

- कृषि सम्बन्धी पाठ्यक्रमलाई प्राथमिक तह देखि नै सबै तहमा व्यवहारिक कृषि विषय अध्ययनको लागि अनिवार्य विषयको रुपमापठनपाठन गर्ने व्यवस्था मिलाई कृषि उद्यमी उत्पादन गरी स्वरोजगार बन्ने वातावरण तयार गर्नु पर्ने ।

- कृषि अनुसन्धानमा जोड दिनु पर्दछ। अनुसन्धानबाट सिफारिस भएका प्रविधि अवलम्बन गराउनु पर्नेछ। कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने गरी निरन्तर नयाँ नयाँ प्रविधिहरूको सिफारिस गरिनु पर्दछ। समस्यामा आधारित अनुसन्धान गरिनु पर्दछ। अनुसन्धानलाई प्रसार र गोठ, खेतसँग जोडिनु पर्दछ।

- राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदानको अनुपातमा कृषि क्षेत्रमा बजेट विनियोजन गर्नु पर्दछ। कृषि क्षेत्र राज्यको पहिलो प्राथमिकताको क्षेत्र हुनु पर्दछ। कृषि क्षेत्रमा बजेटको कमी भएको आभास हुनु हुँदैन । यसले कृषिको विकास र आधुनिकीकरणमा सहयोग पुग्दछ।

- मुलुक भरी नै कृषि कर्मको लागि जमिन किटान गरिदिनु पर्दछ ।

कृषिको लागि छुट्याएको जमिनमा कृषि कर्मबाहेक अरू कुनै कार्य गर्न नपाउने गराउनु पर्दछ ।

- मुलुक भरी नै कुन ठाउँमा कुन खेती तथा पशापलन गर्न उपयुक्त हुन्छ त्यसै ठाउँमा मात्र व्यावसायिक रूपमा खेती गर्न पाउने व्यवस्थाको लागि पकेट क्षेत्र निर्धारण गरिनु पर्दछ ।

- कृषिको लागि छुट्टयाइएको जमिन वा स्थानसम्म कृषि कार्यकोलागि आवश्यक पर्ने सम्पूर्ण भौतिक पूर्वाधारको निर्माण सरकारले गरिदिनु पर्दछ । कृषि तथा पशु सेवा प्रवाह गर्ने विज्ञ प्राविधिक सेवा केन्द्र, वर्षभरी सञ्चालनमा आउने सडक, अभिछिन्न रूपमा उपलब्ध हुने विद्युत् सुविधा, कोल्ल स्टोर, खाद्यान्न भण्डार, सङ्कलन केन्द्र, कृषि तथा पशुपन्छी हाटबजार आदि ।

- कृषिसँग सम्बन्धित विशेषज्ञ प्राविधिक कर्मचारीहरूलाई कृषकको खेत र गोठमा नै गुणस्तरीय र प्रभावकारी सेवा उपलब्ध हुने गरी उच्च मनोबलका साथ खटाउनु पर्दछ ।

- कृषि कर्म सञ्चालन हुने क्षेत्रमा राज्यले नै कृषि सामाग्रीहरू सरल सुपथ मूल्यमा उपलब्ध हुने गरी पसलहरू खोलिदिनु पर्दछ ।

- उपयोग हुन नसकेको जमिनको उपयोगको लागि भूमि बैङ्क स्थापना गरी कृषि कर्म गर्ने लाई जमिन लिजमा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ वा जमिनको हदबन्दी पुनरावलोकन गरिनु पर्दछ । हदबन्दी भन्दा बढी जमिनको लागि भूमि बैङ्कमा जम्मा गरी कृषि कर्म गर्ने उद्यमीलाई लिजमा दिने व्यवस्था मिलाउनु पर्दछ । जमिनलाई बाँझो राख्न नपाउने र अबदेखि जमिन खरिद बिक्री व्यक्ति व्यक्ति बिच गर्न नपाउने र जमिन बिक्री गर्नु पर्दा सरकारले व्यक्तिको जमिन खरिद गरी सामूहिक खेती गर्ने व्यवस्था मिलाउनु पर्दछ । हदबन्दी भन्दा बढी भएको जमिनदारको जमिन राष्ट्रियकरण गरी जमिनलाई सरकारको स्वामित्वमा राखी सामूहिक खेती गर्ने नीति अवलम्बन गरी कार्यान्वयन गर्नु पर्दछ। सम्पूर्ण जमिनलाई व्यक्तिगत स्वामित्वबाट अलग गर्ने नीति अवलम्बन गर्नु पर्दछ ।

- सरकारले बसोबास क्षेत्र घोषणा गर्ने र व्यक्तिलाई आवश्यक पर्ने घर घडेरीको लागि आवश्यक जमिन सरकारले नागरिकको अवस्था हेरी नि:शुल्क वा न्यूनतम शुल्क लिई उपलब्ध गराउने व्यवस्था गर्नु पर्दछ ।
- खेती योग्य जमिनमा हुने प्लटिङलाई पूर्णतया बन्द गर्नु पर्दछ ।
- कृषि कर्मको लागि आवश्यक जमिन व्यक्तिलाई लिजमा उपलब्ध गराउने व्यवस्था सरकारले गर्नु पर्दछ ।
- नागरिकको गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीको सम्पूर्ण जिम्मेवारी सरकारले लिनु पर्दछ ।
- हरेक कृषि उत्पादनमा उत्पादनमा आधारित अनुदान दिनु पर्दछ ।
- हरेक कृषि कर्मलाई सहकारीसँग जोड्नु पर्दछ । सहकारीहरूलाई सक्रिय बनाउनु पर्दछ । कृषि सम्बन्धी उत्पादन सामाग्री, सेवा, सुविधा, उत्पादन विविधीकरण, विक्री वितरण तथा बजारीकरणको मूल नेतृत्व सहकारीहरूलाई गर्न दिनु पर्दछ ।
- कृषकहरूलाई आवश्यक तालीम दिने, कृषक भ्रमण गराउने, बजार विश्लेषणमा दक्ष बनाउने आदि विषयक तालीम सरकारले दिनु पर्दछ ।
- कुनै पनि व्यक्तिलाई कृषि कर्ममा समावेश गराउनु भन्दा अगाडि तालिम अनिवार्य गराउनु पर्दछ । यसले गुणस्तरीय उत्पादनको लागि आवश्यक तयारी गर्दछ ।
- सरकारले सबै कृषि उत्पादनको न्यूनतम बजार मूल्य तोकिदिनु पर्दछ । कृषि उपजलाई न्यूनतम मूल्यभन्दा कममा विक्री गर्न नपाउने यदि बिक्री भएन भने सरकारले किनिदिनु पर्ने र न्यूनतम मूल्य भन्दा बढी मूल्यमा कृषकले बिक्री गर्न पाउने व्यवस्था मिलाउनु पर्दछ ।
- कृषिमा बिचौलियाको अन्त गर्नु पर्दछ ।

- वार्षिक उत्पादन लक्ष तोकिदिनु पर्दछ ।उत्पादनको आधारमा अनुदान दिने, पुरस्कार दिने, विदेश भ्रमण गराउने आदि सुविधा उपलब्ध गराउनु पर्दछ ।

- निर्यात योग्य कृषि उपजहरूलाई निर्बाध रूपले गन्तव्यमा पुऱ्याउने व्यवस्थाको ग्यारेन्टी सरकारले लिनु पर्दछ ।

- सम्पूर्ण कृषि उत्पादन परियोजनाको बिमाको व्यवस्था सरकारी अनुदानमा गरिनु पर्दछ ।

- कृषिलाई आफ्नो पेसा बनाउने कृषकलाई मात्र किसान परिचय पत्र दिनु पर्दछ त्यसको योगदानको आधारमा निजलाई आवश्यक सेवा सुविधाहरू प्रदान गर्नु पर्दछ ।

- व्यवसाय सञ्चालन गर्न किसानले जुन सुकै बैङ्कमा आफ्नो व्यवसाय धितो राखी वा समूह, समिति, सहकारीको जमानतमा सरल ब्याजदरमा कृषि ऋृण उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ ।

- गोठेमल, कम्पोस्ट माल, हरियोमल, गँड्यौला मलको प्रयोग अत्यधिक बढाउने र रासायनिक मल कारखाना मुलुक भित्र खोल्ने व्यवस्था मिलाउनु पर्दछ ।

- फर्म स्तरमा असल कृषि अभ्यास तथा असल पशुपालन अभ्यास, असल स्वच्छता अभ्यास, असल भेटेरिनरी अभ्यास र उद्योग स्तरमा असल उत्पादन अभ्यास अनिवार्य रूपमा अवलम्बन गर्नु पर्दछ ।

- कृषिको लागि आवश्यक पर्ने कृषि सामाग्रीहरू तथा कृषि मेशिनरी सामाग्रीहरू उत्पादन गर्ने कारखाना स्थापना गर्नु पर्दछ ।

- कृषि तथा पशुजन्य पदार्थको उत्पादन भएपछि कृषि तथा पशुजन्य उद्योग सञ्चालनको लागि आवश्यक कच्चा पदार्थ आपूर्ति हुने भएकोले कृषि तथा पशुजन्य

- उद्योगको विशेष स्थान तोकी उद्योग सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

- स्थानीय सरकारले आवश्यकता अनुसार कृषि बजार व्यवस्थापन गर्नु पर्दछ । उपभोक्ताहरूलाई कृषि बस्तु सुपथ मूल्यमा बिक्री वितरण गर्ने संयन्त्रको विकास गर्नु पर्दछ ।

- कृषि कर्मबाट बचतको सुनिश्चितता गरी **"कृषि मुलश्च जीवनम्"** भनाइलाई सार्थक तुल्याउनु पर्दछ ।

## निष्कर्ष

नेपाल विश्वकै विविध भौगोलिक बनावट र जैविक विविधताले सम्पन्न मुलुकको रूपमा चिनिन्छ । यहाँका धेरै सम्भावनाहरू मध्ये कृषि विकासको सम्भावनालाई नेपाली आवश्यकतासँग जोडेर अगाडि बढ्नु आजको आवश्यकता हो । समुन्नत राष्ट्र निर्माणको लागि कृषिभित्रको महत्त्वपूर्णहरू खाद्यान्न वाली, तरकारी, फलफूल, दूध, मासु, अण्डा आदिको उत्पादन र उत्पादकत्व बढाउनको लागि असल कृषि अभ्यास तथा असल पशुपालन अभ्यास अवलम्बन गर्नु अति आवश्यक छ । हावापानी तथा भूमि सुहाउँदो खेती गर्नु पर्ने पनि त्यतिकै आवश्यक छ ।जलवायु परिवर्तनले कृषिलाई सबै भन्दा बढी असर पारिरहेकोले सोको असर न्यूनीकरणमा ध्यान दिनु पनि त्यतिकै जरुरी छ ।

नेपालमा कृषि क्रान्ति सम्पन्न गर्ने हो भने कृषि पेसा समाजमा सम्मानित पेसाको रूपमा स्थापित हुनुको साथै कुनै पनि नेपाली जोखिमपूर्ण रोजगारीको लागि बिदेसिनु पर्दैन ।कृषिमा व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण, औद्योगीकरण, विविधीकरण, बजारिकारण भई रोजगार प्रवर्द्धन हुनेछ । मुलुक खाद्यान्नमा आत्मनिर्भर हुँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुनेछ । यसको माध्यमबाट सबै नागरिकहरूलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीको व्यवस्था मुलुक भित्र हुन जानेछ । यसको माध्यमबाट मुलुकमा सुशासन कायम हुँदै भ्रष्टाचार नियन्त्रण तथा निर्मूल उन्मुख हुन जाने छ । गरिब र धनी, हुने र नहुने बिचको दूरी हट्न गई नागरिकहरू नैतिकवान् हुन गई असल नागरिक भई नागरिकको दायित्व पुरा गर्न सक्षम हुने छन् ।सामाजमा अपराधहरू न्यूनीकरण हुने मुलुकमा समाजवादको आधार स्तम्भ स्थापना हुनेछ । किसान आन्दोलनका महानायक भीमदत्त पन्त लगायतका शहीदहरूले जस्तै अबका दिनमा कुनै पनि नेपाली आमाका सपुतले किसान आन्दोलनको नाममा सहिद हुन नपरोस् ।

करिब पचास लाख नेपाली विदेशमा छन् । कुल गाह्रस्थ उत्पादनको करिब २५% योगदान रेमिटेन्सबाट र सबै भन्दा महत्त्वपूर्ण योगदान कृषि क्षेत्रको रहेको छ । यसको कुल गाह्रस्थ उत्पादनको करिब २७% योगदान रहेको छ । आर्थिक तथा सामाजिक विकासमा युवाहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । युवाहरूलाई यस पेसामा आकर्षण गर्ने नीति बनाउनु आवश्यक छ । कोभिड १९को विश्व व्यापी महामारीले विदेशमा रहेका लाखौं युवाहरू स्वदेश फर्केका छन् । ती युवायुवतीहरू अव विदेशमा सिकेको सीप तथा ज्ञानको प्रयोगबाट स्वदेशमा नै कृषि व्यवसाय तथा कृषिमा आधारित उद्योग सञ्चालन गर्न उत्प्रेरित गर्न सक्नु पर्दछ ।हाम्रा कतिपय ऐन कानून तथा नीति नियमहरू लगानी मैत्री छैनन् ।हाल विद्यमान नीतिगत तथा कानुनी अवरोधहरूलाई हटाउनु पर्दछ ।कृषि कर्म गर्नेलाई सरकारले जमिन उपलब्ध गराउन सक्नु पर्दछ ।

आयातित खानेबानीहरुलाई निरुत्साहित गरी परम्परागत खाने वानीहरुको संरक्षण, संवर्द्धन र विकास गरी संस्कृतिको विक्री गर्न सक्नु पर्दछ । यसले कृषि पर्यटनलाई टेवा पुऱ्याउँदै आय आर्जनमा वृद्धि हुनुको साथै रोजगारीका अवसरहरूमा समेत वृद्धि हुन्छ कृषि उत्पादनको लागि सबैभन्दा महत्वपूर्ण कुरा जमिन हो यस कारण जोताहालाई जमिन उपलब्ध गराउने तथा जमिनको हदबन्दी पुनरावलोकन गरी हदबन्दी भन्दा बढी जमिनलाई भूमि बैङ्कमा जम्मा गरी कृषि कर्म गर्ने हरूलाई लिजमा दिने वा सम्पूर्ण जमिन राष्ट्रियकरण गरेर तत्कालै सामूहिक खेती गरेर वा सार्वजनिक जमिन कृषकलाई वितरण गरेर वहुआयामिक खेती सुरु गरी उत्पादकत्वमा वृद्धि गर्न सकिन्छ । किसानको कृषि कर्म गरी बचतको सुनिश्चित गर्न सकिन्छ । हाल सरकारले जमिन बाँझो राख्नेलाई जरिवाना लाग्ने नीति अगाडि सारेको छ यो कार्यान्वयनमा आउन सकेमा पनि जमिनको उपयोग नबढेर जरिवाना असुल गर्न सकिने सम्भावना रहेको छ । यो एउटा सकारात्मक प्रयासको सुरुवात भने अवश्य भएको छ । उत्पादन बढाउनको लागि उत्पादन सामाग्रीहरू जति बढी प्रयोग गरिन्छ त्यति नै उत्पादन हुने वा उपलब्धि हुने निस्कन्छ । नो इनपुट नो आउटपुट भन्ने कुरा सधैँ ध्यान दिनु आवश्यक छ । यसको लागि एक पटक राष्ट्र निर्माणको लागि हामी सबै नेपालीले हाम्रा पुर्खाहरूले बनाएको पहिचान त्याग बलिदानलाई पुनर्जीवित पार्न तथा हालसम्म गरिएका किसान आन्दोलनहरूको उद्देश्य एवं लक्ष पुरा गर्नको लागि विश्वलाई सन्देश दिन सक्नु पर्दछ ।

आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण, आर्थिक जोखिम न्यूनीकरण गर्दै बि.सं. २०७९ साल सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तर उन्नति गर्ने र २०८७ साल सम्ममा दिगो विकास लक्ष हासिल गर्दै उच्च मध्यम आयस्तर मुलुकमा स्तरोन्नति हुने सोच पन्ध्रौं पञ्चवर्षीय योजनाले लिएको लक्षलाई पुरा गर्नको लागि पनि कृषि क्रान्तिको आवश्यकता महत्त्व र औचित्य आज पनि त्यति नै सान्दर्भिक रहेकोले नेपाल सरकारले लिएको नारा **"समृद्ध नेपाल, सुखी नेपाली"** हुने मार्ग कृषि क्रान्ति नै हो यसैमा हामी सबै नेपालीको कल्याण छ । कृषि उत्पादन, कृषि व्यवसाय र कृषिको लागि आवश्यक पर्ने पूर्वाधार विकासको लागि नयाँ सोच र नयाँ आयामलाई कृषिसँग जोड्न सकेमा कृषि क्रान्ति हामीबाट धेरै टाढा छैन यसको लागि हामीमा सकारात्मक सोचको पनि त्यतिकै खाँचो रहेको छ ।

## १. आधारभूत कृषिगत जानकारी

घ्याङलेख गाउँपालिका सदरमुकाम देखि उत्तर पश्चिम ३५ किलो मिटरको दुरीमा रहेको एक प्राकृतिक स्रोत तथा साधनहरुको दृष्टिले महत्वपूर्ण गाउँपालिका हो । नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेको संघीय संरचना अनुरुप बाग्मती प्रदेश,सिन्धुली जिल्लामा रहेको छ। यस पालिकामा ५ वडाहरु रहेका छन् । समुन्द्री सतहबाट ४८४ मिटर देखि २३८० मिटर रहेको यो गाउँपालिकाको क्षेत्रफल १६६.६६ वर्ग मिटर रहेको छ ।

### माटो तथा हावापानीको बिवरण :

| | |
|---|---|
| माटोको किसिम | दोमट, चिम्ट्याइलो, बलौटे |
| तापक्रम | २८ डिग्री से.अधिकतम, ० डिग्री से.न्यूनतम |
| हावापानी | समशितोष्ण |


| जनसंख्या | १२,६५२ | साक्षरता दर |
|---|---|---|
| महिला | ६,४९९ | ६३.८ % |
| पुरुष | ६,१५३ | ७८.७ % |
| जम्मा घरधुरी | २,८६८ | ७१.० % |

स्रोत : जनगणना, २०७८

**मुख्य बालीहरु :** धान, मकै, आलु, कोदो, गोल्भेडा

**घ्याङलेख गाउँपालिका क्षेत्रको कृषिगत बिशेषता :**

- आलु खेती
- धान, मकै, गहुँ खेती
- माछापालन
- पशुपालन
- प्लाष्टिक घरमा गोल्भेडा खेती
- जैविक विविधताले भरिपुर्ण महाभारत क्षेत्र




## २. घ्याङलेख गाउँपालिकाका व्यवसायिक रुपमा खेती भैरहेका तथा संभावना भएका बालीनालीको बिवरण :

| वडा नं. | व्यवसायिक रुपमा खेती भैरहेको तथा संभावना भएका बालीहरु |
|---|---|
| १ | धान, मकै, आलु, ताजा तरकारी, कागती, जुनार, मौरी, अलैची, चिया, कफि । |
| २ | धान, मकै, आलु, बकुल्ला, किवि, कागती, अदुवा, जडिबुटि । |
| ३ | आलु, बकुल्ला, धनिया, टमाटर, स्कुस, बरेला, कागती, जुनार, अदुवा, वेसार, कफी, एभोकाडो, अलैंची । |
| ४ | आलु, धनिया, बकुल्ला, मकै, धान, कागती, अलैंची, चिया, कफी । |
| ५ | मकै, आलु, कफी, टमाटर, कागती, अलैंची, ताजा तरकारी |

| वडा नं. | ०१ | क्र.सं. | बिवरण | तथ्याङ्क |
|---|---|---|---|---|
| आधारभूत जानकारी | | १ | कुल क्षेत्रफल | |
| | | २ | कुल जनसंख्या | २,०६० |
| | | २.१ | महिला | १,०४७ |
| घरधुरी संख्या : | | २.२ | पुरुष | १,०१३ |

**अन्तर्गतका गाउँ, टोल-मुख्य स्थानहरु:**

फापरचुली अमले, सिम्ले खट्टार, बुक्ति पटबास, कोल्टार, लाङ्दी, छिउटार, थलागाउँ, सुकाचुरी, राजबास, टुनिभन्ज्याङ

**कृषी तथा मत्स्य तर्फको विवरण**

| सि. नं | विवरण | क्षेत्रफल हेक्टरमा/संख्या |
|---|---|---|
| १ | धान खेती-सिंचित | ७० |
| २ | धान खेती-असिंचित | २७ |
| ३ | तरकारी खेती | ११ |
| ४ | कागती खेती | ४६७१ बोट |
| ५ | जुनार खेती | ४९९ बोट |
| ६ | सुन्तला खेती | १३८ बोट |
| ७ | केरा खेती | ६३८१ बोट |
| ८ | कफि खेति | ५५ बोट |
| ९ | स्याउ खेती | २४ बोट |
| १० | अनार खेती | ३६ बोट |
| ११ | मौरी पालन | १५४ घार |

**बैशाख महिनाका कृषि कर्महरु :**

चैते धानलाई गोडमेल गरी सिंचाई र युरिया मल दिने । धान खेतको उर्वराशक्ति सुधार्न धान रोप्नु अगावै हरियोमलका लागि प्रति हेक्टर ५० के.जी.का दरले ढैचा छर्ने बेला भयो । पहाडी क्षेत्रमा मकै खेतीमा गोडमेल तथा मलजलको व्यवस्था मिलाउने । पाखो बारीमा वर्षे मकै छर्न शुरु गर्ने । अन्न भण्डारमा लाग्ने रोग तथा कीरा नियन्त्रण गर्न नीम,टिम्मुर,बोझो,तितेपाते प्रयोग गर्न सकिन्छ । लहरे तरकारी बालीहरु काक्रो,करेला,घिरौला,आदी तरकारी बालीको व्यवस्थापन (गोडमेल, मलजल) मा ख्याल गर्ने । बेमौसमी गोल्भेडा (वर्षे गोलभैंडा) खेतीका लागि खुल्ला ठाउँ वा प्लाष्टिक घरमा बेर्ना सार्ने या बेर्ना तयार गर्न बीउ खसाल्ने । असार,साउनमा उत्पादन लिने गरि काक्रो, फर्सी, भिन्डी लगाउने ।

सदाबहार फलफूल बगैंचा स्थापनाको लागि रेखाङ्कन, खाडल तयारी तथा माथिल्लो सतहको माटो मिसाई पुर्ने । सुन्तलाजात फलफूलका फल भटमास आकारका हुन्छन् । बगैंचामा सिंचाई गर्ने । बनमारा स्याउला आदीको छापो दिने । लाही, थ्रिप्स कीरा व्यवस्थापनमा ख्याल गर्ने । नयाँ बेर्ना सार्न खाडल खन्ने ।

**पशु तर्फको तथ्याङ्क**

| सिं. नं | विवरण | संख्या |
|---|---|---|
| १ | गाइपालन | ५०० ओटा |
| २ | भैंसीपालन | ४०७ ओटा |
| ३ | बाखापालन | २०७३५ ओटा |
| ४ | कुखुरापालन | ३२४० ओटा |
| ५ | सुंगुरपालन | २० ओटा |
| ६ | परेवापालन | २० ओटा |

**जेठ महिनाका कृषि कर्महरु:**

चैते धानमा पतेरो कीरा लाग्ने संभावना हुने भएकोले नियन्त्रण गर्न आवश्यक प्रक्रिया अपनाउने । सिफारिस भएको धानको व्याड राख्ने । मध्य भेगमा मकै बालीभित्र कोदो रोप्ने । लहरे तरकारी बालीहरुको व्यवस्थापनमा ख्याल गर्ने । फलफूल बगैंचाका बोटबाट अनावश्यक सकरहरु चोर हाँगाहरु हटाउने । सदाबहार फलफूलका बोटहरुमा ढुसी रोगनाशक विषादी छर्ने । सुन्तलाजात फलफूल बगैंचा सरसफाई, सिँचाई व्यवस्थापन, फेद कुहिने रोग व्यवस्थापनका लागि बोर्डो पेष्ट लगाउने । शुक्ष्म खाद्यतत्वहरुको घोल बनाई छर्ने बेला यहि हो । नयाँ बेर्ना सार्न खाडल व्यवस्थापन गर्ने ।

| वडा नं. | ०२ | क्र.सं. | बिवरण | तथ्याङ्क |
|---|---|---|---|---|
| आधारभूत जानकारी | | १ | कुल क्षेत्रफल | |
| | | २ | कुल जनसंख्या | २,७४२ |
| | | २.१ | महिला | १,४०१ |
| घरधुरी संख्या : | | २.२ | पुरुष | १,३२३ |

**अन्तर्गतका गाउँ, टोल र मुख्य स्थानहरु :** हायुटार, हिर्दिङ, चालिसे बगर, केराबारी, चन्दनपुर, खोलागाउँ, भैसें, बस्तिपुर, सातदोबाटो ।

## कृषि तथा मत्स्य तर्फको विवरण

| सिं.नं | विवरण | क्षेत्रफल हेक्टरमा/संख्या |
|---|---|---|
| १ | धान खेती-सिंचित | ७७.५ हे. |
| २ | धान खेती-असिंचित | १५ रोपनी |
| ३ | तरकारी खेती | १२ हे |
| ४ | कागती खेती | २६७५ बोट |
| ५ | जुनार खेती | ५९२ बोट |
| ६ | सुन्तला खेती | ३०० बोट |
| ७ | अलैंची | ७८७ बोट |
| ८ | कफि खेती | १२१९ बोट |
| ९ | स्याउ खेती | ३३६ बोट |
| १० | जडिबुटी | १५१९९७ बोट |
| ११ | मौरी पालन | ३२३ घार |
| १२ | माछापालन | २ हे |

**असार महिनाका कृषि कर्महरु :**

चैते धान थन्काउने । धान रोपाई शुरु गर्ने । हरियोमल जोतेर एक हप्ता कुहाउने त्यसपछि धान रोप्ने । महिनाको अन्तितिर अगौटे काउली (सिल्भर कप ६०, ह्वाईट आईसल्यान्ड, रेमी) को बीउ अग्लो व्याडमा पातलो हुने गरी राख्ने । साथै बन्दाको पनि बीउ खसाल्ने बेला यहि हो । माख्लो उच्च भेगमा आलुको बीउ छनौट गर्ने । सदाबहार वर्गका फलफूल बिरुवा खाडलमा सार्ने, बगैंचा सरसफाइ गर्ने र पानी निकासको व्यवस्था मिलाउने । सुन्तलाजात फलफूल बगैंचा सरसफाई, गोडमेल, फल छाट्ने । खराने रोग व्यवस्थापन गर्ने । सुन्तला जुनारको नयाँ बेर्ना सार्ने ।

**कृषि सँग सम्बन्धित केही उपयोगी वेभसाईटहरु :**

http://moald.gov.np
http://www.doanepal.gov.np
http://narc.gov.np
http://aicc.gov.np
http://sqcc.gov.np
http://ppdnepal.gov.np
http://www.prmd.gov.np

**पशु तर्फको तथ्याङ्क**

| सि. नं. | विवरण | संख्या |
|---|---|---|
| १ | गाइपालन | ६६८ ओटा |
| २ | भैंसीपालन | ५३० ओटा |
| ३ | बाख्रापालन | २२०९ ओटा |
| ४ | कुखुरापालन | ३५१२ ओटा |
| ५ | सुंगुरपालन | ९४ ओटा |
| ६ | टर्कीपालन | ४ ओटा |

**साउन महिनाका कृषि कर्महरु :**

धान रोपाई गर्ने । असारको शुरुमा रोपिएको धानमा यस महिनाको अन्त्यतिर युरिया मल दिने । मध्य तथा तल्लो भेगमा मकै भाँचेपछि ६/७ घाममा सुकाएर मात्र भण्डार गर्ने । ड्याङ पारी अगौटे काउली, बन्दा लगाउने । मुला-चालिसे रोप्ने । बोडी, सिमी लगाउने तयारी गर्ने ।

वर्षे फलफूल बगैंचामा गोडमेल र सरसफाइ गर्ने । सुन्तलाजात फलफूल फल छाट्ने । बगैंचामा पानी जम्ने भए निकासको व्यवस्था गर्ने । पतेरो कीरा व्यवस्थापन,बोर्डो पेष्ट लगाउने । सुन्तला जुनारको नयाँ बेर्ना सार्ने । सुन्तला जातको फलफूलमा पात खाने कीरा र पतेरो नियन्त्रण गर्न सिफारिस भएको विषादी छर्ने । बगैंचामा पानीको निकासको राम्रो प्रवन्ध गर्ने ।

**बोर्डो मिश्रण**

फलफूल बगैंचामा बोर्डोश्रिण एक बहुप्रभावकारी रोगनाशक हो । बोर्डो मिश्रण निलोतुथो, काचो चुना र पानी उचित मात्राामा मिसाई तयार गरिन्छ। यसका लागि प्लाष्टिक बाल्टी वा माटोको भाडो,पातलो मलमलको कपडा, काठको लट्ठी, फलाको व्लेड वा चक्कु आवश्यक पर्दछ । एक प्रतिशतको बोर्डो मिश्रण बनाउन १० ग्रा.: १० ग्रा. १ लि को अनुपातमा निलो तुथो : चुन : पानी मिसाउनु पर्दछ । आवश्यक पर्ने मिश्रणको आधारमा निलो तुथो र चुनलाई पातलो मलमल कपडामा बेरेर अलग अलग भाडोमा राखेर पगाल्ने र अर्को भाडोमा खन्याएर आवश्यकता अनुसार घोल तयार गर्न सकिन्छ। यसवखत घोललाई काठको लट्ठीले एकनासले चलाउनु पर्दछ । निलो तुथो र चुनको मात्रा मिल्यो वा मिलेन भनेर परिक्षण गर्न खिया नलागेको फलामको चक्कु वा ब्लेड २- ३ मिनेट घोलमा डुबाउने त्यसपछि निकालेर हेर्दा यदि त्यसमा खिया लागे जस्तो रंग आयो भने त्यसमा चुन थप्दै चलाउनु पर्दछ। अन्तमा खिया नआई चक्कु वा व्लेड सफा देखियो भने मिश्रण तयार भएको वभ्mनु पर्दछ। यसरी बोर्डो मिश्रण बनाएको २४ घन्टा भित्रै छर्नु पर्दछ।

बोर्डो पेष्ट १०० ग्रा. निलो तुथो, १५० ग्रा.चुना र १ लि. पानीको अनुपातमा बनाउनु पर्दछ। यसका लागि बोर्डो मिश्रण जस्तै मिश्रण तयार गर्नपर्दछ। भने बोर्डो पेन्ट १:२:३ को अनुपातमा ५० ग्रा. निलो तुथो १०० ग्रा. चुन र १५० मिली आलसको तेल मिसाई तयार गरिन्छ। पेन्ट बनाउदा निलो तुथो भुट्ने र मसिनो गरी पिँधेर चुनको धुलो एकै ठाँउमा मिसाई आलसको तेलमा राम्ररी फिट्नु पर्दछ।

| वडा नं. | ०३ | क्र.सं. | बिवरण | तथ्याङ्क |
|---|---|---|---|---|
| आधारभूत जानकारी | | १ | कुल क्षेत्रफल | |
| | | २ | कुल जनसंख्या | २,२७५ |
| | | २.१ | महिला | १,१६१ |
| घरधुरी संख्या : | | २.२ | पुरुष | १,११४ |

**अन्तर्गतका गाउँ, बस्ति, टोल-मुख्य स्थानरु :** तामाजोर, पाँचघरे, लप्से, राखल, मभ्mुवा, चौकीटार, आहाले, चिलाउने, गुराँसे, कोल्टार ।

## कृषि तथा मत्स्य तर्फको विवरण

| सिं.नं | विवरण | क्षेत्रफल(हेक्टरमा)/संख्या |
|---|---|---|
| १ | धान खेती(सिंचित) | ३९ हे. |
| २ | धान खेती(असिंचित) | ५ हे. |
| ३ | तरकारी खेती | १०.२५ हे |
| ४ | कागती खेती | ७४४ बोट |
| ५ | जुनार खेती | १४० बोट |
| ६ | सुन्तला खेती | १४२ बोट |
| ७ | अलैंची | ३७१ बोट |
| ८ | कफि खेति | ११८९ बोट |
| ९ | स्याउ खेती | ६ बोट |
| १० | अनार खेती | ३८ बोट |
| ११ | मौरी पालन | २६५ घार |
| १२ | माछापालन | १ रोपनी |

**नेपालमा उपलब्ध कृषक उपयोगी मोवाईल एपहरु :** Smart Krishi, IFA Krishi, Geo Krishi, Krishi Guru, Hamro Krishi

## पशु तर्फको विवरण

| सिं.नं | विवरण | संख्या |
|---|---|---|
| १ | गाइपालन | ३७० ओटा |
| २ | भैंसीपालन | ५४७ ओटा |
| ३ | बाखापालन | २४३७ ओटा |
| ४ | कुखुरापालन | २६३४ ओटा |
| ५ | सुंगुर, बुंगुरपालन | ७ ओटा |
| ६ | हाँसपालन | ११ ओटा |

**भदौ महिनाका कृषि कर्महरु :**

धान गोड्ने, गवारो लागेमा नियन्त्रण गर्ने । धानबालीमा गोडमेल गरी पहिलो टप ड्रेसिङ गर्ने । धान बालीमा गाईने कीरा, माकुरा जस्ता मित्रजीवहरुको संरक्षणमा ध्यान दिने ।

अगौटे काउली, बन्दा बाली व्यवस्थापन (गोडमेल, आवश्यकता अनुसार थप मल दिने । मध्यम जातको काउली - काठमान्डौ स्थानीय, बन्दा(जेनिथ, नेपा ग्रीन) को बीउ खसाल्ने बेला भयो । सागपात रायो जस्ता तरकारीको बीउ छर्ने । मुला (मिनो अर्ली, प्यूठाने) रोप्ने । गोल्भेँडालाई थाक्रो, मलजल तथा अन्य व्यवस्थापनमा ख्याल गर्ने । तल्लो भेगमा पिरो - एन.एस. १७०१, कर्मा) रोप्ने तथा भेडे - क्यालिफोर्निया वन्डर) खुर्सानी, भन्टाको बीउको नर्सरी राख्ने । मध्य भेगमा शरदबाली लगाउने र महिनाको शुरुमा घ्यूसिमी र बोडी बीउ तथा ताजा तरकारी रोप्ने । तल्लो भेगमा बेमौसमी प्याजको गाना उत्पादन गर्न प्याजका मसिना दाना (सेट) रोप्ने बेला भयो ।

सुन्तलाजात फलफूल : बोर्डो पेष्ट लगाउने । खराने रोग व्यवस्थापन गर्न विषादी प्रयोग गर्ने । फल कुहाउने औंसा पार्ने भिंगा व्यवस्थापनका लागि फेरोमोन पासो राख्ने । फल तथा हाँगामा लाग्ने कत्ले कीराको उपचार गर्ने ।

**असोज महिनाका कृषि कर्महरु :**

धानबालीमा पतेरोको प्रकोप देखिएमा नियन्त्रण गर्ने । मध्य भगमा काउली, ग्याठगोवी, मुला, सलगम, रायो, स्विसचार्ड, पालुङ्गो, केराउ, चमसुर, लसुन आदि लगाउने । पछौटे जातको काउली (स्नो मिष्टिक, स्नो बल १६, बन्दा (ग्रिन कोरोनेट) को बीउ असाल्ने । खुर्सानी, भन्टाको बेर्ना सार्ने । तराई र भित्रि मधेश क्षेत्रमा असोजको अन्त्यदेखि आलु रोप्न शुरु गर्ने । मध्य पहाडमा कुफ्रिज्योति, एन.पि.आई १०६, डिजिरे, कार्डिनल, हाइव्रिड १४ र तराईमा कुफ्रिसिन्दुरी, कार्डिनल जातका आलु लगाउने ।

**सुन्तलाजात फलफूल :** बगैंचा सरसफाई गर्ने, छ्यापो दिने फल कुहाउने औंसाको क्षति भएका फलहरु संकलन गरि खाडलमा पुर्ने ।

| वडा नं. | ०४ | क्र.सं. | बिवरण | तथ्याङ्क |
|---|---|---|---|---|
| आधारभूत जानकारी | | १ | कुल क्षेत्रफल | |
| | | २ | कुल जनसंख्या | ३,२०४ |
| | | २.१ | महिला | १,६६८ |
| घरधुरी संख्याः | | २.२ | पुरुष | १,५३६ |

**अन्तर्गतका गाउँ, बस्ति, टोल-मुख्य स्थानहरु :** कालिखोला, बोलबोट, बन्दिपुर, गोपे, भोटथुम, झगरे डाँडा, घ्याङडाँडा ।

### कृषि तथा मत्स्य तर्फको तथ्याङ्क

| सि.नं. | विवरण | क्षेत्रफल/हेक्टरमा/संख्या |
|---|---|---|
| १ | धान खेती-सिंचित | ४३ हे. |
| २ | धान खेती-असिंचित | ११.३५ हे. |
| ३ | तरकारी खेती | ७२.१५ हे |
| ४ | कागती खेती | १४० बोट |
| ५ | जुनार खेती | १८ बोट |
| ६ | सुन्तला खेती | ४५ बोट |
| ७ | केरा खेती | ६१७ बोट |

**कार्तिक महिनाका कृषि कर्महरु :**

प्रमुख खाद्यान्न बाली धान थन्क्याउने। गहुँ लगाउने जग्गाको तयारी गर्ने। धानबाली भित्र चना, केराउ र मुसुरो छर्ने । तराई, भित्री मधेश तथा पहाडका बेसीहरुमा तोरी छर्न भयो। तल्लो भेगमा पछौटे जातको काउली, बन्दाको बेर्ना सार्ने । उच्च क्षेत्रमा अझै बीउ खसाली बेर्ना तयार गरि रोप्न सकिन्छ । तल्ले भेगमा प्याजको बीउ ब्याडमा छर्ने । फलफूल बगैंचाको अनुगमन,सरसफाई गर्ने । फल कुहाउने औंसाको क्षति भएका फलहरु संकलन गरि खाडलमा पुर्ने ।

| सि.नं. | विवरण | क्षेत्रफल/हेक्टरमा/संख्या |
|---|---|---|
| ८ | कफि खेती | ५ बोट |
| ९ | चिया खेती | ११५ बोट |
| १० | अनार खेती | २५ बोट |
| ११ | मौरी पालन | ८७ घार |
| १२ | माछापालन | नभएको |

**पशु तर्फको तथ्याङ्क**

| सिं.नं | विवरण | संख्या |
|---|---|---|
| १ | गाइपालन | ४१२ ओटा |
| २ | भैंसीपालन | ७९८ ओटा |
| ३ | बाखापालन | ३००६ ओटा |
| ४ | कुखुरापालन | ४१४४ ओटा |
| ५ | सुंगुरपालन | ४ ओटा |
| ६ | परेवापालन | २२ ओटा |

**मंसिर महिनाका कृषि कर्महरु :**
तराईमा गहुँ छरिसक्नु पर्छ । पहाडमा गहुँ छरेको २०/३० दिन भित्र युरियाले ट्रप ड्रेसीङ गरी सिंचाई गर्ने । तल्लो भेगमा धान काटेर आलु तथा मौषमी हिउँदे तरकारी (काउली ,बन्दा,केराउ रोप्न तयारी गर्ने । प्लाष्टिक टनेल भित्र बेमौसमी तरकारी , भेडेखुर्सानी,काँक्रो आदि लगाउने । हिउँदे/पतभ्कड फलफूल (कीवी, आरु, आरुबखडा) आदीको बेर्ना सार्न तयारी गर्ने । सुन्तलाजात फलफूल : छापो दिने, फल टिप्न सुरु गर्ने । बिक्रि वितरण गर्ने । बजारको अवस्था हेरी सुन्तला जातका फलफूल टिप्ने र समुचित ढङ्गले ग्रेडिङ एवं भण्डार गर्ने ।

| वडा नं. | ०५ | क्र.सं. | बिवरण | तथ्याङ्क |
|---|---|---|---|---|
| आधारभूत जानकारी | | १ | कुल क्षेत्रफल | |
| | | २ | कुल जनसंख्या | २,३६३ |
| | | २.१ | महिला | १,१९६ |
| घरधुरी संख्या : | | २.२ | पुरुष | १,१६७ |

**अन्तर्गतका गाउँ, बस्ति, टोल-मुख्य स्थानरु :** रामपुर, चैनपुर, सिंपाल, रमाईलो बस्ति, पहरीलेख, बुदुमचुली, राङ्चा, गर्के ।

## कृषि तथा मत्स्य तर्फको विवरण

| सि. नं. | विवरण | क्षेत्रफल-हेक्टरमा/संख्या |
|---|---|---|
| १ | धान खेती-सिंचित | २७.२ हे |
| २ | धान खेती-असिंचित | ४.३ हे |
| ३ | तरकारी खेती | ६.६ हे |
| ४ | कागती खेती | ९८५ बोट |
| ५ | जुनार खेती | ९१ बोट |
| ६ | सुन्तला खेती | ३७ बोट |
| ७ | फापर बाली लगाइएको जग्गा | ११.३ |

| | | |
|---|---|---|
| ८ | कफी खेती | २३६ ओटा |
| ९ | मौरीपालन | १६३ घार |

**पुष महिनाका कृषि कर्महरु :**
असोज-कार्तिकमा लगाईएको हिउँदे मकैलाई गोडमेल गरी सिँचाई गर्ने। गहुँ छरेको २१/२५ दिन भित्र पहिलो सिंचाई गरी युरिया ३ के.जी. प्रति रोपनीको दरले प्रयोग गर्ने ।काउली,बन्दा समुहको बाली व्यवस्थापन - बेर्ना सार्दा माटोमा बोरेक्स नमिसाएको भए २ ग्राम वोरेक्स/लि. पानीमा मिसाई स्प्रे गर्ने । तल्लो भेगमा प्याज रोप्ने,मुला (टोकिनासे) रोप्ने । बेमौसमी तरकारी काँक्रो, करेला, फर्सी, लौका उत्पादन गर्नको लागि प्लाष्टिक थैलामा बीउ खसाली गुमोजमा बेर्ना हुर्काउने । तल्लो क्षेत्रमा मौषमी गोल्भेडा लगाउन बीउ खसाल्ने, हिँउदे आलुलाई उकेरा दिई सिंचाई गर्ने । माथिल्लो क्षेत्रमा वर्षे आलु रोप्ने तयारी गर्ने । आलु, गोल्भेंडा डढुवा रोगबाट बचाउन सिफारिस गरिएको विषादी छर्ने । हिउँदे/पतभ्फड फलफूलहरुको बेर्ना सार्ने ।
**सुन्तलाजात फलफूल :** फल टिप्ने, बोटहरुमा तालिम र काँटछाँट सुरु गर्ने । मलखाद व्यवस्थापन गर्ने । सिंचाई गर्ने । छापो दिने ।

**पशु तर्फको तथ्याङ्क**

| सि. नं. | विवरण | संख्या |
|---|---|---|
| १ | गाइपालन | ४०६ ओटा |
| २ | भैंसीपालन | ५३९ ओटा |
| ३ | बाख्रापालन | २५६८ ओटा |
| ४ | कुखुरापालन | ३५९१ ओटा |
| ५ | सुंगुरपालन | ९२ ओटा |
| ६ | हाँसपालन | ७ ओटा |

**माघ महिनाका कृषि कर्महरु :**

हिउँदे मकै गोडमेल गरी युरियाले टपड्रेसिङ गर्ने । बसन्ते मकै लगाउन जग्गाको तयारी गर्ने । गहुँ बालीमा सिंचाई गर्ने र दास्रो टपड्रेस गर्ने । बमौसमी काक्रो करेलाको बेर्ना सार्ने । तल्लो भेगमा भिन्डी, घिरौला, करेला, बेसी र खोँचमा सिमी, बोडी गोल्भेँडा, खुर्सानी र मध्य पहाडमा ब्रोकाउली, बन्दा, पालुङ्गो, सिमी, बोडी, गोल्भेँडा, खुर्सानी लगाउने । आँप, लिचि, जस्ता सदावहार फलफूल साथै सुन्तलाजात फलफूल सबैको काँटछाँट गर्ने । मलखाद व्यवस्थापन गर्ने । सिंचाई दिने । छापो दिने । बोर्डो मिश्रण छर्ने, पेष्ट दल्ने ।

**विश्व स्वास्थ संगठन WHO का अनुसार एक जना वयस्क व्यक्तिले स्वस्थ शरिर विकासका लागि दैनिक ।**

१०० देखि १२५ ग्राम हरियोसागपात
१०० देखि १२५ ग्राम कन्दमुल तथा जरे तरकारी
५० देखि ७५ ग्राम गेडागेडी
३० देखि ५० ग्राम फल तरकारी समेत गरि जम्मा करिब सरदर ३०० ग्राम ताजा तरकारी अनिवार्य सेवन गर्नु पर्ने हुन्छ ।

**समग्र अवस्था पालिका भरी १-५ (कृषि तर्फ)**

| सिं. नं | विवरण | क्षेत्रफल-हेक्टरमा/संख्या |
|---|---|---|
| १ | धान खेती-सिंचित | २५८ |
| २ | धान खेती-असिंचित | ४९ |
| ३ | तरकारी खेती | ११२ हे |
| ४ | कागती खेती | ९२१२ बोट |
| ५ | जुनार खेती | १३४० बोट |
| ६ | सुन्तला खेती | ६६२ बोट |
| ७ | अलैंची | १६५८ बोट |
| ८ | केरा खेती | ९३८१ बोट |

| | | |
|---|---|---|
| ९ | जडिबुटी | १,५१,९९७ बोट |
| १० | कफि खेती | २७०४ बोट |
| ११ | चिया खेती | ११५ बोट |
| १२ | अनार खेती | ९९ बोट |
| १३ | मौरी पालन | ९९२ घार |
| १४ | माछापालन | २ हे |

**फागुन महिनाका कृषि कर्महरु :**
सिंचाई सुविधा भएको तराई र बेसीमा चैते धानको बेर्ना तयारी गर्ने । गहुँ खेतमा सिंचाई गर्ने । मध्य तथा तल्लो पहाडी क्षेत्रमा सिफारिस गरिए अनुसार उन्नत जातको मकै छर्ने । तल्लो भेगमा लगाईएको लहरे तरकारी बालीहरुलाई थाक्रो दिने, क्यू ल्यूरको फेरोमोन पासो राख्ने । माथिल्लो भेगमा लहरे तरकारी, सिमी, बोडी आदी लगाउने । उच्च पहाडमा आलु बाली लगाउने । माथ्ले भेगमा नास्पति, आरु, आरुवखडा आदीका बोटहरु काँटछाँट गर्ने । मलखाद व्यवस्थापन गर्ने । छापो दिने । बोर्डो मिश्रण छर्ने । पेष्ट दल्ने । सुन्तला, केरा र अन्य फलफूलको बोटमा मल राखी सिंचाई गर्ने र छापो राख्ने । फूल फूलेका बोटहरुमा सिंचाई गर्ने, छापो व्यवस्थापन गर्ने ।

**समग्र अवस्था पालिका भरी १-५ पशु तर्फ**

| सिं.नं | विवरण | क्षेत्रफल-हेक्टरमा/संख्या |
|---|---|---|
| १ | गाइपालन | २३५६ ओटा |
| २ | भैंसीपालन | २९१४ ओटा |
| ३ | बाख्रापालन | ३१,९९५ ओटा |
| ४ | कुखुरापालन | १७,११२ ओटा |
| ५ | सुंगुरपालन | २१७ ओटा |
| ६ | परेवापालन | ४४ ओटा |
| ७ | हाँसपालन | १८ ओटा |
| ८ | टर्कीपालन | ४ ओटा |

- "एक मिनेटको समय र एक टुक्रा जमिन पनि त्यसै खेर फाल्नु हुदैन ।" - चिनिया उखान
- उन्नत बीउको प्रयोगले मात्र पनि २०-२५ प्रतिशत उत्पादन बृद्धि हुन्छ ।
- **पोषक तत्वको हिसावले :** अम्बा गरिबको स्याउ, भटमास गरिबको मासु, गोलभेडा गरिबको सुन्तला मानिन्छ ।
- याद राख्नुहोस्, फलफूल विरुवा रोपेर मात्र पुग्दैन, यसबाट राम्रो फल उत्पादन लिन विरुवाको राम्रो हेरचाह गर्नु पर्दछ ।
- "संसारको सबैभन्दा ठुलो उद्योग कृषि हो र यसका मालिक हामी कृषक हौ ।" - अज्ञात

**चैत्र महिनाका कृषि कर्महरु :**
चैत धान रोपाई गर्ने, उच्च पहाडी भागमा धानको बीउ राख्न शुरु गर्ने । मकैको बोटहरु छाँटेर गोडमेल गर्ने । सिंचाई गर्ने र टपड्रेस गर्ने । गहुं, जौ आदि भित्र्याउने र राम्रोसँग सुकाएर भण्डार गर्ने । बेमौसमी गोल्भेडा - वर्षे गोल्भेडा खेतीका लागि खुल्ला ठाउँ वा प्लाष्टिक घरका लागि बेर्ना तयार गर्न बीउ खसाल्ने । माथिल्लो भेगमा लहरे तरकारीहरु : काक्रो, करेला, गोल्भैंडा, भण्टा, खुर्सानी, भेडेखुर्सानी आदि तरकारीको बेर्ना सार्ने, भिण्डीको बीउ खसाल्ने । सागपातको बीउ छर्ने । वर्षे आलुलाई गोडमेल गरी उकेरा दिने, तरकारी बालीमा रोगकीरा नियन्त्रण गर्ने तर्फ ध्यान दिने । अदुवा, बेसार रोप्न तयार गर्ने । फलफूल बगैंचामा गोडमेल तथा सिंचाई गर्ने र छापो हाल्ने । सुन्तलाजात फलफूलका विरुवाहरुमा सिंचाई दिने, बगैंचामा अन्तरबालीको रुपमा कम लहरा जाने कोशे तथा अन्य तरकारी बालीहरु लगाउने

**कस्तो बीउलाई गुणस्तरयुक्त बीउ भन्ने**
गुणस्तरयुक्त बीउ भन्नाले कुनै पनि बाली/जातको बीउको वंशानुगत जातिय शुद्धता, भौतिक शुद्धता, उपयुक्त चिस्यान, जिवितपन भएको, राम्रो उमार शक्ति, रोग कीरा मुक्त स्वस्थ, समान आकार प्रकार, चमकपन साथै ओजस र उपयुक्त १००० दानाको तौल भएको हुनु पर्दछ ।

**घ्याङलेख गाउँपालिकामा हालसम्म सञ्चालनमा रहेका कृषि तथा पशुपन्छी फर्महरु**

| सि.नं. | बाखा फर्मको नाम | ठेगाना | अध्यक्षको नाम |
|---|---|---|---|
| १ | पिपलटोल कृषि तथा पशुपञ्छी फर्म | घ्याङ्लेख ३ | कृष्ण बहादुर थिङ |
| २ | लाङ्दी बाखापालन फर्म | घ्याङ्लेख १ | राज कुमार बम्जन |
| ३ | लाङ्दी खरक डाँडा बाखापालन फर्म | घ्याङ्लेख १ | उत्तरमान बम्जन |
| ४ | सोनम राज बाखा फर्म | घ्याङ्लेख ५ | राज कुमार न्यासुर |
| ५ | आरती बाखा फर्म | घ्याङ्लेख १ | रत्न बहादुर भोलन |
| ६ | शान्ती बाखा फर्म | घ्याङ्लेख १ | कनक बहादुर बम्जन |
| ७ | रोशन बाखा फर्म | घ्याङ्लेख १ | सेर बहादुर बम्जन |
| ८ | केराबारी बाखा फर्म | घ्याङ्लेख २ | धन बहादुर गोले |
| ९ | सेती भन्भ्याङ बाखा फर्म | घ्याङ्लेख २ | चतुरमान लो |
| १० | उइवा बाखा फर्म | घ्याङ्लेख २ | कान्छाराम वाईवा |
| ११ | योञ्जन कृषि तथा पशुपञ्छी फर्म | घ्याङ्लेख २ | राधिका योन्जन |
| १२ | खोराङ यूनिक कृषि तथा पशुपञ्छी फर्म | घ्याङ्लेख ३ | उतर कुमार सुनुवार |
| १३ | केराघारी बाखापालन फर्म | घ्याङ्लेख ३ | असली माया थिङ |
| १४ | मिलन पशुपञ्छी फर्म | घ्याङ्लेख २ | हिरालाल ठोकर |
| १५ | जी.आर योञ्जन बाखा फर्म | घ्याङलेख ४ | ज्ञानराज लामा |
| १६ | रमाइलो बस्ती बुद्द बाखा फर्म | घ्याङ्लेख ५ | बुद्ध लाल थिङ |
| १७ | बरबरेचुली बाखा फर्म | घ्याङ्लेख ५ | कान्छामान थिङ |
| १८ | स्याङ्तान बाखा फर्म | घ्याङ्लेख २ | जनक स्याङ्तान |
| १९ | न्यू मेवल पशुपञ्छी फर्म | घ्याङ्लेख २ | निरोज सुनुवार |
| २० | देवकोटा बाखा फर्म | घ्याङ्लेख १ | थल प्रसाद देवकोटा |
| २१ | पहरिलेख महाभारत कृषि फर्म | घ्याङ्लेख ५ | सोनाम सिं न्यासुर |
| २२ | खडगंगा कुखुरा पालन फर्म | घ्याङलेख-२ | गंगा माया सुनुवार |

| | | | |
|---|---|---|---|
| २३ | गोठडाँडा कृषि तथा पशुपन्छी फर्म | घ्याङलेख-४ | मुना कुमारी घिसिङ |
| २४ | दामार खोलागाउँ कृषि फर्म | घ्याङलेख-२ | प्रतिक लामा थोकर |
| २५ | लालु कुखुरा फ्रम | घ्याङलेख-१ | लाल कुमार पाख्रिन |
| २६ | चालिसे भैंसी फर्म | घ्याङलेख-२ | पिर्थु बहादुर वाईवा |
| २७ | कत्ले कृषि तथा पशुपन्छी फर्म | घ्याङलेख-३ | अम्बर बहादुर नेवार |
| २८ | एकिकृत कृषि तथा पशुपन्छी फर्म | घ्याङलेख-१ | सुन्दरी माया थिङ |
| २९ | लानाम पशुपालन फर्म | घ्याङलेख-१ | भिमान सिं घलान |
| ३० | राइजिङ कुखुरा पालन फर्म | घ्याङलेख-२ | रोशन कुमार भोलन |
| ३१ | आयुष माछापालन फर्म | घ्याङलेख-३ | कान्छाराम स्याङतान |
| ३२ | कुखुरा पालन फर्म | घ्याङलेख-१ | सुमित्रा कुमारी विश्वकर्मा |

## कृषक समूहहरुको विवरण

| क्र.स. | नाम | ठेगाना | सदस्य संख्या | अध्यक्षको नाम |
|---|---|---|---|---|
| १ | गुलाब कृषक समूह | घ्याङलेख -४ | २३ | प्रेम बहादुर वाईबा |
| २ | दिनि मेन्दो कृषक समूह | घ्याङलेख -४ | २३ | कुमारी माया धोङ |
| ३ | सुनौलो कृषक समूह | घ्याङलेख -४ | ३० | ज्ञान बहादुर स्याङतान |
| ४ | हिमाली कृषक समूह | घ्याङलेख -४ | ३२ | अस्मिता लो |
| ५ | चौकीडाँडा कृषक समूह | घ्याङलेख -४ | २० | उत्तपन्न कुमार वाईबा |
| ६ | बुद्धविहार कृषक समूह | घ्याङलेख -४ | २५ | रोम बहादुर वाईबा |
| ७ | हरियाली कृषक समूह | घ्याङलेख -४ | १८ | गोविन्द सिक्देल |
| ८ | कालीखोला कृषक समूह | घ्याङलेख -४ | २२ | राज कुमार वाईबा |
| ९ | सगरमाथा कृषक समूह | घ्याङलेख -४ | २९ | ज्ञाान ध्वाज थिङ |
| १० | सुवास्ना कृषक समूह | घ्याङलेख -१ | ३१ | धन बहादुर भोलन |
| ११ | मिलीजुली कृषक समूह | घ्याङलेख -१ | २० | विर बहादुर भुजेल |

| | | | | |
|---|---|---|---|---|
| १२ | सिद्धार्थ कृषक समूह | घ्याङलेख -१ | २१ | चमेली माया वाइबा |
| १३ | शुर्यमुखि कृषक समूह | घ्याङलेख -१ | २९ | शुर्य कुमारी बम्जन |
| १४ | बर्षा कृषक समूह | घ्याङलेख -१ | ३१ | मस्त कुमार वाईबा |
| १५ | लालुपाते कृषक समूह | घ्याङलेख -१ | ३० | विवी माया स्याङतान |
| १६ | मौसम कृषक समूह | घ्याङलेख -१ | २० | रमिता भोलन |
| १७ | समय कृषक समूह | घ्याङलेख -१ | ३२ | शैलजा स्याङतान |
| १८ | गणेश ढुङ्गा कृषक समूह | घ्याङलेख -१ | ३० | शान्ती माया वाईबा |
| १९ | सयपत्रि कृषक समूह | घ्याङलेख -१ | ३० | लालुमाया स्याङतान |
| २० | हरियाली कृषक समूह | घ्याङलेख -१ | ३१ | फूल माया भोलन |
| २१ | नौलो कृषक समूह | घ्याङलेख -२ | २१ | डम्बर कुमारी सुनुवार |
| २२ | सयपत्रि कृषक समूह | घ्याङलेख -३ | २८ | सुकु माया गोले |
| २३ | उन्नत शिल कृषक समूह | घ्याङलेख -२ | १६ | कमाल कुमारी जर्गा |
| २४ | कृषक सफल समूह | घ्याङलेख -२ | १७ | माला सुनुवार |
| २५ | हरियाली कृषक समूह | घ्याङलेख -२ | २१ | डिल्लीराम सुनुवार |
| २६ | जनचेतना कृषक समूह | घ्याङलेख -२ | १७ | अरुण जर्गामगर(लामा) |
| २७ | नव सिर्जना कृषक समूह | घ्याङलेख -२ | १६ | सानो बुद्धिमान थिङ |
| २८ | नवजागरण कृषक समूह | घ्याङलेख -२ | २३ | धन बहादुर थामी |
| २९ | प्रगतिशिल कृषक समूह | घ्याङलेख -२ | १९ | निर्मला वि.क. |
| ३० | उन्नतशिल कृषक समूह | घ्याङलेख -२ | १६ | मार्था सिजाली |
| ३१ | चिसापानी कृषक समूह | घ्याङलेख -२ | ३६ | सोवित कुमार वाईबा |
| ३२ | दिव्य जोति कृषक समूह | घ्याङलेख -२ | १७ | सुप्रति लामा |
| ३३ | प्रगतिशिल कृषक समूह | घ्याङलेख -१ | २९ | दिनेश लामा |
| ३४ | गणेशटार कृषक समूह | घ्याङलेख -२ | २५ | बेनी बहादुर बस्नेत |

| | | | | |
|---|---|---|---|---|
| ३५ | नवजागरण चन्दनपुर कृषक समूह | घ्याङलेख -२ | २५ | छेवाङ दोर्जे लामा |
| ३६ | डम्रे मरिण खोला कृषक समूह | घ्याङलेख -२ | २७ | खड्ग बहादुर सुनुवार |
| ३७ | उद्यमशील कृषक समूह | घ्याङलेख -१ | १८ | आइत सिं भोलन |
| ३८ | नमुना खोला गाउँ कृषक समूह | घ्याङलेख -२ | २५ | सरिना तामाङ |
| ३९ | भूमेथान कृषक समूह | घ्याङलेख -२ | २५ | एक बहादुर थामी |

**सहकारी संस्थाको विवरण**

| क्र.सं. | सहकारी संस्थाको नाम | ठेगाना | अध्यक्षको नाम |
|---|---|---|---|
| १. | फापर चुरे कृषि सहकारी संस्था लि. | घ्याङलेख-१ | आइतमान बम्जन |
| २. | जनचेतना बचत तथा ऋण सहकारी संस्था लि. | घ्याङलेख-१ | तिर्थ बहादुर पाखिन |
| ३. | महाभारत जडिबुट्टी कृषि सहकारी संस्था लि. | घ्याङलेख-२ | भिम बहादुर स्याङतान |
| ४. | चन्दनपुर कृषि तथा पशुपन्छी सहकारी संस्था लि. | घ्याङलेख-२ | बम बहादुर बस्नेत |
| ५. | मरिण वराजु महिला वचत तथा ऋण सहकारी संस्था लि. | घ्याङलेख-२ | बाटुली माया वाईवा |
| ६. | सुर्योदय साना किसान कृषि सहकारी संस्था लि. | घ्याङलेख-३ | धन बहादुर बल |
| ७. | शुभ सन्देश साना किसान सहकारी संस्था लि. | घ्याङलेख-३ | धन बहादुर बल |
| ८. | वरपिपल उपभोक्ता सहकारी संस्था लि. | घ्याङलेख-३ | सुमन घोले |
| ९. | नेत्रकाली कृषि सहकारी संस्था लि. | घ्याङलेख-४ | बुद्धिमान स्याङतान |
| १०. | नेत्रकाली महाभारत सामुदायिक ग्रामिण विद्युत सहकारी संस्था लि. | घ्याङलेख-४ | बुद्धिमान स्याङतान |
| ११. | श्री हराभरा बहुउद्देश्यीय सहकारी संस्था लि. | घ्याङलेख-५ | राम बहादुर घिसिङ |
| १२. | सूर्यमुखी महिला बहुउद्देश्यीय सहकारी संस्था.लि | घ्याङलेख-५ | भोज कुमारी कर्माचार्य |

**घ्याङलेख गाउँपालिका द्वारा विगतमा संचालित प्रभावकारी/लोकप्रिय कार्यक्रमहरु :**

| क्र.सं. | कार्यक्रमहरु |
|---|---|
| १. | यान्त्रीकरण-औजार उपकरण वितरण, ट्रयाक्टर, स्प्रेयर ट्याङ्की |
| २. | उन्नत जातको तरकारी तथा धान, मकैको बीउ वितरण |
| ३. | बाँदर प्रभावित क्षेत्रहरुमा अदुवा, वेसारको बीउ वितरण |
| ४. | उन्नत जातको बोयर बोका वितरण |
| ५. | हल गोरु हुने किसानहरुलाई फलामे हलो वितरण |
| ६. | प्रत्येक वडामा बाली तथा पशु उपचार शिविर सञ्चालन |
| ७. | फलफूलको विरुवा वितरण |

# रुपान्तरण तालिका

**क्षेत्रफल :**

१ हेक्टर ≠ ३० कट्ठा ≠२० रोपनी≠१०,००० वर्ग मिटर

१ एकड ≠ ८ रोपनी ≠ १२ कट्ठा ≠ ०.४ दाम

१ रोपनी ≠ १६ आना,१ आना ≠ १६ दाम,१ दाम ≠ ४ पैसा

**नाप :**

१ से.मी. ≠ १० मि.मि., १ मिटर ≠ १०० से.मी ≠ ३९.३७ ईन्च

१ फुट ≠ १२ ईन्च ≠ ३०.४८ से.मी,१ ईन्च ≠ २.४५ से.मी

१ कि.मि ≠ १००० मिटर , १ गज ≠ ३ फुट, १ माईल ≠ १.६ कि.मि

**तौल :**

१ ग्राम ≠ १००० मि.ग्रा. १ कि.ग्रा.≠१००० ग्राम


१ क्विन्टल ≠ १०० कि.ग्रा. १ मे.ट ≠ १० क्विनटल

**आयतन :**

१ लिटर ≠ १००० मि.लि, १ पाथी ≠ ८ माना


सुन्तलाजात फलफूलमा लाग्ने प्रमुख रोग र कीराहरू
धुले ढुसी/सेतो ढुसी रोग Powdery Mildew
ध्वाँसे रोग (कालो ढुसी) Shooty mould
फेद कुहिने रोग Foot rot
गुँद आउने रोग Gumosis
सिट्रस क्याङ्कर Citrus canker
जुनारको बोटमा लाग्ने झ्याउ Lichens
सिट्रस ग्रिनिङ Citrus greening
Borer
Lemon butterfly
पात खन्ने कीरा Leaf miner
लाही Aphids
Fruit fly
कत्ले कीरा Scale insect
पतेरो Citrus bug
सुलसुले Mites
मिली बग Mealy bug
थ्रिप्स Thrips
जिल्ला कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक ।
email: dadokavre@gmail.com
Concept : Debraj Adhikari


गोलभेडा खेती : प्रमुख रोग र कीराहरु
Tomato Cultivation : Major Diseases & Insects Pests
१. बेर्ना गल्ने रोग
Damping Off
२. पछौटे डढुवा
Late Blight
३. थोप्ले रोग/ अगौटे डढुवा
Alternaria Leaf Spot
४. खराने रोग
Powdery Mildew
४. आईलाउने रोग (ढुसीजन्य)
Wilting (Fungal)
६. आईलाउने (ब्याक्टेरियल)
Bacterial Wilt
७. निमाटोड
Nematode
८. भाईरस
Virus
१. गोलभेडाको पात खन्ने कीरा
Tuta absoluta
२. फलमा लाग्ने गवारो
Fruit Borer
३. सेतो झिंगा
White Fly
४. लाही कीरा
Aphid
५. लेख्ने कीरा
Leaf Miner
६. फल कुहाउने झिंगा
Fruit Fly
७. क्यापसिड बग
Capsid Bug
८. सुलसुले
Mite
Concept : Debraj Adhikari
जिल्ला कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक
फोन नं. ०११-४९०५८९, ४९०२०१
Email: dadokavre@gmail.com


आलु बालीमा लाग्ने मुख्य रोग र कीराहरू
(Major Diseases and Insect Pests of Potato)
पछौटे डढुवा
Late Blight
अगौटे थोप्ले/डढुवा
Early Blight
ओइलाउने रोग /खैरो पिपचक्के
Bacterial Wilt/ Brown Rot
भाइरसजन्य रोग
Virus
दादे रोग
Common Scab
खोस्टे रोग
Black Scruf
ऐंजेरु
Wart
आलुको पुतली/ जोताहा कीरा
Potato Tuber Moth
खुम्रे कीरा
White Grub
रातो कमिला
Red Ant
फेद कटुवा
Cut Worm
बिते कीरा
Semi Looper
लेक्ने कीरा
Potato Leaf Miner
लाही
Aphids
District Agriculture Development Office, Kavre, Nepal
Concept: Debraj Adhikari
Design: Binod Timalsina

# माटोमा भएको खाद्य तत्वको आधारमा मलको सिफारिस मात्रा

| खाद्य तत्वको अवस्था | माटोको प्रकार | सिफारिस मात्रा |
|---|---|---|
| अति निम्न | सबै | १२५% नाइट्रोजन, १२५% फोस्फोरस, १२५% पोटास |
| निम्न र मध्यम | सबै | १००% नाइट्रोजन, १००% फोस्फोरस, १००% पोटास |
| अधिक | खुकुलो | ८०% नाइट्रोजन, ७०% फोस्फोरस, ७०% पोटास |
| अधिक | चिम्ट्याइलो | ७५% नाइट्रोजन, ६०% फोस्फोरस, ६०% पोटास |
| अति अधिक | सबै | २५% नाइट्रोजन, २५% फोस्फोरस, २५% पोटास |
| असिञ्चित अवस्थामा | सबै | हिसाब गरिएको तत्वको मात्राको ८०% मात्र |

# मकैबालीको लागि सिफारिस गरिएको मलखादको मात्रा

| भौगोलिक क्षेत्र | आवश्यक रासायनिक मल (किलोग्राम प्रति हेक्टर) | | | | | | | | प्राङ्गारिक मल टन / हेक्टर |
|---|---|---|---|---|---|---|---|---|---|
| | खुला सेचित जात | | | वर्णशंकर जात | | | सबै जातहरुमा | | |
| | नाइट्रोजन | फोस्फोरस | पोटास | नाइट्रोजन | फोस्फोरस | पोटास | जिङ्क | बोरोन | |
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | १३० | ६० | ४० | १८० | ६० | ६० | २ | १.५ | १० |
| मध्य तराई (पर्सादेखि सप्तरीसम्म) | १२० | ६० | ४० | १५० | ६० | ६० | २ | १.५ | १० |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी) | १२० | ६० | ४० | १८० | ६० | ६० | २ | १.५ | १० |
| सुदूरपश्चिम तराई (बाँकेदेखि कञ्चनपुरसम्म) | १२० | ६० | ४० | १५० | ६० | ६० | २ | १.५ | १० |
| भित्री तराई (दाङ, सुर्खेत, चितवन, मकवानपुर, नवलपुर) | १३० | ६० | ४० | १८० | ६० | ६० | २ | १.५ | १० |
| पहाडी क्षेत्रको लागि | १२० | ६० | ४० | १५० | ६० | ६० | २ | १.५ | १० |

नोटः उपलब्धता अनुसार प्राङ्गारिक मल बढी राखेमा राम्रो हुने ।

# धानबालीको लागि सिफारिस गरिएको मलखादको मात्रा

| भौगोलिक क्षेत्र | प्राङ्गारिक मल (टन प्रति हेक्टर) | आवश्यक रासायनिक मल (किलोग्राम प्रति हेक्टर) | | | | |
|---|---|---|---|---|---|---|
| | | नाइट्रोजन | फोस्फोरस | पोटास | जिङ्क | बोरोन |
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | ६ | १२० | ४० | ५० | ३ | १ |
| मध्य तराई (पर्सादेखि सप्तरीसम्म) | ६ | १२० | ४० | ४० | ३ | १ |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी) | ६ | १३० | ४० | ५० | ३ | १ |
| सुदूरपश्चिम तराई (बाँकेदेखि कञ्चनपुरसम्म) | ६ | १०० | ३० | ३० | २ | १ |
| भित्री तराई (दाङ, सुर्खेत, चितवन, मकवानपुर, नवलपुर) | ६ | १२५ | ४० | ४० | २ | १ |
| पहाडी क्षेत्र | ६ | १०० | ३० | ३० | २ | १ |
| वर्णशंकर जातको लागि सबै क्षेत्रमा | ६ | १५० | ५० | ६० | ३ | १ |

*नोटः उपलब्धता अनुसार प्राङ्गारिक मल बढी राखेमा राम्रो हुने ।*

# गहुँबालीको लागि सिफारिस गरिएको मलखादको मात्रा

| क्षेत्र | नाइट्रोजन [illegible] केजी/हेक्टर | फोस्फोरस केजी/हेक्टर | पोटास केजी/हेक्टर | बोरोन केजी/हेक्टर | प्राङ्गारिक मल टन/हेक्टर |
|---|---|---|---|---|---|
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | १४० | ५० | ५० | १.५ | ६ |
| मध्य तराई (पर्सादेखि सप्तरीसम्म) | १३० | ५० | ५० | १.५ | ६ |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र नवलपरासी) | १४० | ५० | ५० | १.५ | ६ |
| सुदूरपश्चिम तराई (बाँकेदेखि कञ्चनपुरसम्म) | १२५ | ५० | ५० | १.५ | ६ |
| भित्री तराई (दाङ, सुर्खेत, चितवन, मकवानपुर, नवलपुर) | १२० | ५० | ५० | १.५ | ६ |
| पहाडी भागमा | १०० | ५० | ५० | १.५ | ६ |

*नोटः उपलब्धता अनुसार प्राङ्गारिक मल बढी राखेमा राम्रो हुने ।*

# सिंचाईको अवस्था
## वडा नं. १

| सि.नं | साविक वडा | गाउँ, टोल, वस्तिको नाम | सिंचाईको कुलो को नाम | चार महिना चल्ने | छ महिना चल्ने | बाह्रै महिना चल्ने |
|---|---|---|---|---|---|---|
| १ | १ | लाङ्दी, बछिउटार, कोल्टार | लाङ्दी खोला सिंचाई कुलो | | √ | |
| २ | २ | पटबाँस, आचार्य डाँडा | छुरेधार, खानीखोला सिँचाई कुलो, | | | √ |
| ३ | २ | बुक्ती | दुजिङखोला सिँचाई कुलो | | √ | |
| ४ | ३ | सिम्ले | सिम्ले खोला सिँचाई कुलो | | | √ |
| ५ | ३ | ज्यामिरे | वोलन्जोर सिँचाई कुलो | √ | | |
| ६ | ३ | मइन्टार | झोरा सिँचाई कुलो | √ | | |
| ७ | ४ | अमले बाँजो खेत | घट्टे खोला सिँचाई कुलो | | | √ |
| ८ | ७ | सुकाचुरी खट्टार | घट्टे खोला सिँचाई कुलो | | | √ |
| ९ | ५ | रजबास | लिपेखोला सिँचाई कुलो | √ | | |
| १० | ५ | क्लोसेटार बाँजो डाँडा | मरिण खोला सिँचाई कुलो | | | √ |
| ११ | ६ | टुनिभन्झ्याङ | लिपेखोला सिँचाई कुलो | | √ | |
| १२ | ९ | थलागाउँ | लाङ्दी खोला सिँचाई कुलो | | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | ९ | चिलाउने डाँडा | कामी खोला सिँचाई कुलो | √ | | |
| १४ | ८ | डोटे छरछरे | झोरा सिँचाई कुलो | √ | | |

| सि.नं. | इन्डिकेटर (सूचक) | सङ्ख्या |
|---|---|---|
| १ | चार महिना चल्ने(आकासे पानी) | ५ ओटा |
| २ | छ महिना चल्ने कुलो | ४ ओटा |
| ३ | बाह्रै महिना चल्ने | ५ ओटा |
| **जम्मा** | | **१५ ओटा** |

## सिंचाईको अवस्था
## वडा नं. २

| सि.नं. | साविक वडा | गाउँ, टोल, वस्तिको नाम | सिंचाईको कुलो को नाम | चार महिना चल्ने | छ महिना चल्ने | बाह्रै महिना चल्ने |
|---|---|---|---|---|---|---|
| १ | १ | फुलबारी | मरिण खोला सिँचाई कुलो | | | √ |
| २ | १ | आहाल डाँडा, डुम्री, दुईमुरे | मरिण खोला सिँचाई कुलो | | | √ |
| ३ | २ | भैंसे | सिम्ले सिँचाई कुलो | | | √ |
| ४ | ५ | खोलागाउँ | ठाडो खोला सिँचाई कुलो | | √ | |
| ५ | ६ | खोलागाउँ फेदि, चन्दनपुर, केराबारी | ठाडो खोला सिँचाई कुलो | | √ | |
| ६ | ६ | केराबारी | रातुखोला सिँचाई कुलो | | √ | |
| ७ | ७ | सानो भोक्टेनी | झोरा सिँचाई कुलो | √ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ७ | ठुलो भोक्टेनी, खोलागाउँ | ठाडो खोला सिँचाई कुलो | | √ | |
| ९ | ७ | खोलागाउँ फेदि | मरिण खोला सिँचाई कुलो | | | √ |
| १० | ७ | सिमल्टार | सिमल्टार सिँचाई कुलो | | | √ |
| ११ | ७ | खड्काटोल, घट्टा माथि | मरिण खोला सिँचाई कुलो | | | √ |
| १२ | ७ | सिम्लेफाँट, देबिटार | ठाडो खोला सिँचाई कुलो | | √ | |
| १३ | ८ | तारे भिर | पँधेरा खोल्छी सिँचाई कुलो | √ | | |
| १४ | ८ | चालिसे खोला, माझगाउँ | चालिसे खोला सिँचाई कुलो | | | √ |

| सि.नं. | इन्डिकेटर (सूचक) | संख्या |
|---|---|---|
| १ | चार महिना चल्ने (आकासे पानी | २ ओटा |
| २ | छ महिना चल्ने कुलो | ५ ओटा |
| ३ | बाह्रै महिना चल्ने | ७ ओटा |
| **जम्मा** | | **२३ ओटा** |

## सिंचाईको अवस्था
## वडा नं. ३

| सि.नं. | साविक वडा | गाउँ, टोल, वस्तिको नाम | सिंचाईको कुलो को नाम | चार महिना चल्ने | छ महिना चल्ने | बाह्रै महिना चल्ने |
|---|---|---|---|---|---|---|
| १ | ७ | चिलाउने | रातु खोला सिँचाई कुलो | √ | | |
| २ | ७ | चौकीटार | चौकीटार सिँचाई कुलो | | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ७ | छोट्टार | मरिण खोला सिँचाई कुलो | | √ | |
| ४ | ७ | काली खोला | काली खोला सिँचाई कुलो | √ | | |
| ५ | ७ | रातु खोला | रातु खोला सिँचाई कुलो | √ | | |
| ६ | ७ | कोल्टार | मरिण खोला सिँचाई कुलो | | | √ |
| ७ | ७ | कत्ले गुराँसे | कत्ले खोला सिँचाई कुलो | | √ | |
| ८ | ७ | आहाले | आहाले खोल्छी सिँचाई कुलो | | √ | |
| ९ | ७ | फिटिङ | फिटिङ खोला सिँचाई कुलो | | √ | |
| १० | ८ | केराबारी | चौकीटार सिँचाई कुलो | | √ | |
| ११ | ९ | केराबारी | केराबारी खोल्छी सिँचाई कुलो | √ | | |
| १२ | ९ | सोमबारे | सोमबारे खोल्छी सिँचाई कुलो | | √ | |
| १३ | ९ | बगर टोल | तामाजोर सिँचाई कुलो | | | √ |
| १४ | ९ | आरुबोट | चौकीटार सिँचाई कुलो | | √ | |
| १५ | ९ | तामाजोर | तामाजोर सिँचाई कुलो | | √ | √ |
| १६ | ९ | तामाजोर | ठाकुरथान सिँचाई कुलो | | √ | |
| १७ | ९ | बाघमारा | चौखोला सिँचाई कुलो | | √ | |
| १८ | ९ | तल्कु डाँडा | जुरे खोला सिँचाई कुलो | | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | ९ | बराल डाँडा | क्याराघारी सिँचाई कुलो | √ | | |
| २० | ९ | पिपलटोल | पुच्छरटोल सिँचाई कुलो | | | √ |
| २१ | ९ | सिरानटोल, पिपलटाल | तामाजोर सिँचाई कुलो | | | √ |

| सि.नं. | इन्डिकेटर-सूचक | संख्या |
|---|---|---|
| १ | चार महिना चल्ने (आकासे पानी) | ५ ओटा |
| २ | छ महिना चल्ने कुलो | ११ ओटा |
| ३ | बाह्रै महिना चल्ने | ५ ओटा |
| **जम्मा** | | **२८ ओटा** |

## सिंचाईको अवस्था
## वडा नं. ४

| सि.नं. | साविक वडा | गाउँ, टोल, वस्तिको नाम | सिंचाईको कुलो को नाम | चार महिना चल्ने | छ महिना चल्ने | बाह्रै महिना चल्ने |
|---|---|---|---|---|---|---|
| १ | ५ | नरकटे | नरकटे फाट सिँचाई कुलो | | | √ |
| २ | ५ | मैनटार | मैनटार गैरी सिँचाई कुलो | | √ | |
| ३ | ५ | बाह्रबिसे | बाह्रबिसे फाँट सिँचाई कुलो | | | √ |
| ४ | ५ | किस्ने डाँडा | क्यमर खाडी गैरी सिँचाई कुलो | | √ | |
| ५ | ५ | छविसे | छविसे फाँट सिँचाई कुलो | | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ५ | छविसे | कपासे सिँचाई कुलो | | √ | |
| ७ | ५ | मस्रंगे | पधेरो खोल्छी सिँचाई कुलो | | √ | |
| ८ | ५ | मस्रंगे | मस्रंगे गैरी सिँचाई कुलो | | √ | |
| ९ | ५ | बोक्से | बोक्से सिँचाई कुलो | | | √ |
| १० | ५ | बोक्से | धोङ गैरी सिँचाई कुलो | | | √ |
| ११ | ५ | काली खोला | ठाडे गैरी सिँचाई कुलो | | √ | |
| १२ | ५ | कालीखोला | काली खोला सिँचाई कुलो | | | √ |
| १३ | ५ | कालीखोला | सिम्ले खोला सिँचाई कुलो | | | √ |
| १४ | ५ | रामपुर | सिम्ले खोला सिँचाई कुलो | | | √ |
| १५ | ५ | आहाले | आहाले गैरी सिँचाइ कुलो | √ | | |
| १६ | ५ | सिरुटार | सिरुटार सिँचाई कुलो | | √ | |
| १७ | ५ | भैँसे | भैँसे फाँट सिँचाई कुलो | | √ | |
| १८ | ५ | सर्पखोप | सर्पखोप गैरी सिँचाई कुलो | √ | | |
| १९ | ५ | बाह्रबिसे | बाह्रविसे गैरी सिँचाई कुलो | | √ | |
| २० | ६ | तरिगैरी | तरिगैरी सिँचाई कुलो | | √ | |
| २१ | ७ | भोटथुम | भोटथुम गैरी सिँचाई कुलो | | √ | |
| २२ | ५ | रामपुर | रामपुर खोला सिँचाई कुलो | | | √ |
| २३ | ५ | भैँसे | भैँसे गैरी सिँचाई कुलो | | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | ६ | सिम हायुटार | सिम हायुटार सिँचाई कुलो | | | √ |
| २५ | ६ | आफलटार | आफलटार गैरी सिँचाई कुलो | | √ | |


| सि.नं. | इन्डिकेटर-सूचक | संख्या |
|---|---|---|
| १ | चार महिना चल्ने -आकासे पानी -वर्षे कुलो | २ ओटा |
| २ | छ महिना चल्ने कुलो | १३ ओटा |
| ३ | बाह्रै महिना चल्ने | १० ओटा |
| **जम्मा** | | **२५ ओटा** |


| सि.नं. | साविक वडा | गाउँ, टोल, वस्तिको नाम | सिंचाईको कुलो को नाम | चार महिना चल्ने | छ महिना चल्ने | बाह्रै महिना चल्ने |
|---|---|---|---|---|---|---|
| १ | ६ | चैनपुर विविरे | विविरे सिँचाई | | √ | |
| २ | ६ | राङ्चा | राङ्चा खोला सिँचाई कुलो | | √ | |
| ३ | ६ | खानी खोला गाउँ | खानी खोला सिँचाई कुलो | | √ | |
| ४ | ६ | चौतारा घलानटोल | काली खोला सिँचाई कुलो | | √ | |

# माटोको नमुना संकलन गर्ने तरिका

## अन्न र तरकारी बालीको लागि


एकै प्रकारको माटो (जस्तै रङ्ग, बनावट, भिरालो पना आदि) भएको जमिनबाट १ वटा नमूना तयार गर्ने ।





एउटा माटोको नमूना तयार गर्न १ रोपनीबाट कम्तीमा ५/६ ठाउँबाट माटोको नमूना लिनु पर्दछ ।


प्रत्येक ठाउँमा १५ देखि २० से.मि. गहिरो 'V' आकारको खाल्डोको एक भित्ताबाट माथि देखि तल सम्म एउटै मोटाइको माटोको नमूना लिने ।







सबै खाल्डो बाट संकलित माटोको नमूनालाई एकै ठाउँमा जम्मा गरेर राम्रोसँग मिसाउने ।

यसरी जम्मा गरेको माटोबाट ढुङ्गा, झारपात जस्ता अनावश्यक चिजहरूलाई हटाई ४ बराबर भागमा बाँडी आमने सामनेको २ भाग हटाउने ।







बाँकि रहेको २ भाग माटोलाई फेरी राम्रोसँग मिसाएर पूनः ४ भाग लगाई २ भाग राखि २ भाग हटाउने। यो क्रम माटोको नमूना करिब १/२ के.जी. नभएसम्म दोहोर्याउने । आधा के.जी. माटोलाई उल्लेखित विवरण लेखि प्रयोगशालामा पठाउने ।

## फलफूल बालीको लागि

फरक किसिमका माटो (जस्तै रङ्ग, बनावट, भिरालोपना आदि) भएको जमिनबाट छुट्टा छुट्टै नमूना तयार पार्ने ।






छनोट गरीएको जमिनबाट १ रोपनीबाट कम्तिमा एक वटा ३ फिट गहिराईको खाडल खन्ने । माटोको नमूना लिने खाडलको एक तर्फको भित्तामा माथिबाट तल तर्फ १, २, र ३ फिट गहिराईमा चिनो लगाउने ।

चिनो लगाएको भित्ताबाट छुट्टा छुट्टै भाडाँमा ०-१, १-२ र २-३ फिटसम्मको माटोको नमूना संकलन गर्ने ।




यसरी छुट्टा छुट्टै संकलन गरेको माटो प्रत्येकलाई छुट्टा-छुट्टै ४ भाग लगाई आमने सामनेको २ भाग हटाई २ भाग बाँकि राख्ने र यो क्रम माटो १/२ के.जी. नभएसम्म दोहोर्याउने ।




यसरी तयार गरेको माटोलाई सफा प्लाष्टिकको थैलोमा राखि कृषकको नाम, ठेगाना, खेतको विवरण जमिनका गहिराई खुलाई नजिकको माटो परिक्षण प्रयोगशालामा लैजाने ।

**माटोको नमुना परीक्षण गर्न पठाउँदा निम्न विवरण हुनु पर्दछ:**

नामथर:

ठेगाना:

खेतबारीको किसिम:

लगाउने बाली:

मिति:

जमिनको गहिराई:

घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली

## बाँझो जग्गाहरुको विवरण

| क्र.सं. | वडा नं. | कुल जग्गाको क्षेत्रफल (हे) | खेती योग्य जग्गाको क्षेत्रफल (हे) | खेती गरिएको जग्गाको क्षेत्रफल (हे) | बाँझो जग्गाको क्षेत्रफल (हे) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | १०१३.५१ | ६७५.६ | २०२.७ | ४७३ | |
| २ | २ | ३००४.०६ | ७७४.६६ | ७७३.२ | १.१४ | |
| ३ | ३ | १२६६.६३ | ६२४.६३ | ६१७.१३ | ७.५ | |
| ४ | ४ | २८४८.४० | ७५२.२७ | ७३९.७७ | १२.५ | |
| ५ | ५ | ३१६४.५३ | ५९४.२७ | ५९३.८७ | ०.४० | |
| जम्मा | | ११२९७.१३ | ३४२१.४३ | २९२६.६७ | ४९४.५४ | |

# महत्वपूर्ण रोग किराहरु






## खुम्रे किरा

❖ **क्षतिको लक्षण**



- समन्यतया खुम्रेहरु बलौटे र असिञ्चित माटोमा बस्न मन पराउँछन् ।
- मकै र कोदो खुम्रे किराले ज्यादै मन पराउने बालीहरु हुन् ।
- वयस्क अवस्थाको खुम्रे कीरा रुख,झाडी तथा घाँसे मैदानमा बस्छन् र नजिकैको खेति वालीमा आक्रमण गर्दछन् ।
- डाँठ तथा जरामा स्पष्ट क्षति देखिन्छ भने बोटहरु ओइलाएका हुन्छन् ।

**व्यवस्थापन**

- माटोमा चिस्यानको व्यवस्थापन र खेतवारीमा रहेका झारपात तथा अवशेषहरु नष्ट गरी खेतवारी सफा राख्नाले क्षति र खुम्रेको संख्या घटाउन मद्दत गर्दछ ।
- गर्मीको समयमा गहिरो खनजोत गर्ने र हप्ता दिनसम्म खाली राख्दा खुम्रे सतहमा आउने हुँदा प्राकृतिक शत्रु चराले खाइदिन्छ ।

- पाकेको गोवर मल वा कम्पोष्ट मल मात्र प्रयोग गर्ने ।

- जमिन तयारीको बेलामा केतुकीका मसिना टुक्राहरु १० के जी को दरले वा चिउरीको पिना २० केजी प्रति रोपनीका दरले प्रयोग गर्दा खुम्रे कीराको नोक्सानी कम गर्न सकिन्छ ।



- यसले कम मनपराउने बालीहरु जस्तै टमाटर, लसुन, प्याज, धनिँया आदिलाइ मिश्रीत वालीको रुपमा प्रयोग गर्दा खुम्रे बाट क्षति कम गर्न मद्दत पुग्दछ ।

- क्लोरोपाइरीफस १०% जीआर विषादी १ केजी प्रति रोपनीका दरले मकै छर्नु भन्दा अघि छर्ने ।

- यसको प्रकोप भएका स्थानहरुमा क्लोरोपाइरीफस २ एम एल प्रति लिटर पानीमा मिसाइ विरुवा रोपेको वरिपरि माटो भिज्ने गरी छर्नु पर्दछ ।

## फौजी किरा

### ❖ क्षतिको लक्षण

- फौजको जस्तो ठुलो संख्याले एकसाथ आक्रमण गरी प्राय सावै भागहरु खाने र अर्को खेतमा पनि एकै साथ आक्रमण गर्ने भएकोले यो किरालाइ फौजी कीरा भनिएको हो ।



- जमिनको सतहमा बसी कलिला बिरुवाको फेद काट्ने, घोगामा प्वाल पार्ने तथा झुण्डमा बसी पातहरु चपाएर खादै एकपछि अर्को खेतमा सर्दै जाने यिनिहरुको प्रमुख क्षतिको रुपमा लिन सकिन्छ ।

- रात्रीचर भएकोले यसको क्षति विशेष गरी रातीमा वा बादलले ढाकेको बेलामा बढी हुने गर्दछ ।

**व्यवस्थापन**

- ट्याकिनिड झिंगा र सानो कालो बारुला जस्ता मित्रजिवको संरक्षण गर्ने । फौजी किराको लार्भाको शरीरमा अण्डा पारीदिन्छ ।
- वालीको अवशेषहरु नष्ट गर्ने ।
- कीरा लागेको अवस्थामा सिंचाई गर्दा यसको क्षति कम गर्न सकिन्छ भने पानी पटाउने व्यवस्था भएको ठाउँमा धान काटेपछि खेतमा २-४ दिनसम्म पानी पटाइदिनाले कीराको सो अवस्था नष्ट हुन्छ । फौजीकिराको लार्भाहरु एक प्लटबाट अर्को प्लटमा सर्दै जाने हुनाले आक्रमण भएको प्लटको वरिपरि कुलेसोमा पानी जमाइदिएमा भौतिक अवरोधका कारण सर्न सक्दैनन् ।
- बात्तीको पासो (लाइट ट्र्याप) को प्रयोग गरि वयस्क पुतलीहरुलाइ पासोमा पारी मार्ने ।
- डेल्ट्रमेथ्रिन १-२ एम एल प्रति लिटर पानीमा मिसाई छर्ने ।

## अमेरिकन फौजी किरा

**क्षतिको लक्षण**

- लार्भा अवस्थाले मकैको पात, गुभो, धानचमरा, जुँगा, घोगा तथा डाँठमा समेत क्षति पुर्याउछ ।
- अण्डाबाट निस्किने बित्तिकै साना लार्भाहरुले शुरुमा वरिपरिको पातको बाहिरी सतहमा मात्र कात्रेर खान्छ, जास्ले गर्दा पातमा सिसाको झ्याल जस्तो आकृतिहरु देखिन्छन् ।



- कलिलो अवस्थाको मकैको गुभोभित्र प्वाल पारी पस्दै खान थाल्दछन् । बिरुवा बढ्दै जाँदा पातमा लहरै स-साना प्वालहरु परेको देख्न सकिन्छ ।
- परभक्षी स्वभावका हुन्छन् । ६ ओटा अवस्था मध्ये चौथो अवस्था पछिका लार्भाले एकले अर्कोलाइ खान किसिमका स्वभाव देखाउँछन् ।
- बिरुवा बढ्दै जाँदा मकैको धान चमरा, जुँगा र घोगामा समेत पसेर यसले नोक्सान गर्न सक्छ ।


**व्यवस्थापन**

- नियमित अनुगमन ।
- पकेट क्षेत्रमा सकेसम्म एकैसमयमा र चाँडै मकै रोप्ने ।
- कोशेवाली अन्तरवाली वा मिश्रित वालीको रुपमा लगाउँदा कीराको प्रकोप कम हुन्छ ।
- सिफारिस गरिए अनुसार सन्तुलित मलखादको प्रयोग र पर्याप्त सिंचाई र गोडमेल गर्ने ।
- मकै रोप्नु अघि इमिडाक्लोरोपिडले ४ एम एल प्रति केजीको दरले बीउ उपचार गरेर रोप्दा शुरुको ३ हप्ता सम्मको बिरुवालाई क्षति हुनबाट बचाउन सकिन्छ ।
- स्पाइनेटोराम, इमामेक्टिन बेन्जोएट, क्लोरएन्ट्रानिलिप्रोल वा स्पाइनोस्याड १ एम एल प्रति लिटर पानीमा मिसाएर छर्ने ।

## सुन्तलाको फल कुहाउने झिंगा-औंसा

- ❖ भाले लागेको बयस्क पोथी फलको बोक्रामा आफ्नो तिखो अण्डा पार्ने अंगले छेडेर फलमा १५ देखि २० वटा अण्डा पार्दछ ।
- ❖ अण्डाबाट ४-५ दिनपछि औंसा निस्किन्छ ।





❖ यी आउंसाहरु ४ देखि १२ दिन पछि माटोमा अचल अवस्थामा जान्छन् ।

❖ वातावरण अनुकुल भएमा ७ देखि १० दिनमा प्युपा वयस्क झिंगा हुन्छ ।

❖ जाडोको मौसममा प्युपा माटोमै अचल अवस्थामा रहन सक्छ ।

❖ क्षतिको लक्षण

- औंसा फल छड्दै र खाँदै भित्र पस्दछ ।
- औंसा फल छड्दै र खाँदै भित्र पस्दछ ।
- औंसाको वृद्धि संगै फल पहेलिने, कुहिने र बोटवाट झर्ने हुन्छ ।
- झिंगाले आक्रमण गरेका फलहरु भित्र हेर्दा सेतो औंसाहरु देखिन्छन् ।

**व्यवस्थापन**

- किरा लागेर झरेका फलहरु तत्काल बटुलेर कम्तिमा ६० सेमि गिहिरो खाडल खनी नष्ट गर्ने जसले गर्दा औंसाहरु मर्दछन् र वयस्क बन्नबाट रोकिन्छ ।
- समय समयमा गोडमेल गरि बगैंचा सधैं सफा राख्ने ।
- हिउँदको समयमा फेद वरिपरिको माटोलाई पल्टाई डल्ला फोर्नाले माटो भित्र अचल अवस्थामा रहेका प्युपा घाम र चराहरुबाट नष्ट हुन्छन् जसले गर्दा आउँदो मौसममा वयस्क झिंगाको संख्यामा कमि हुन्छ ।
- वर्षा मौसम पछि बोटको ३ मिटर वरिपरि मालाथायन धुलो ५ प्रतिशत प्रतिवोट ५० देखि १०० ग्राम छरी माटोलाई हलुका खुन्ने ।

- माघ/फागुन महिनामा जमिनको खनजोत गर्दा प्रति रोपनी १ केजी को दरले मालाथायन ५% धुलो प्रयोग गरी निस्किदै गरेका वयस्क झिंगाको व्यवस्थापन गर्न सकिन्छ ।
- चैत्र बैशाख देखि कात्तिक मंसिरसम्म मिथाइल यूजिनल वा व्याक्टोसेरा कम्पोजिट फेरोमन ट्र्याप झुण्डाउने ।
- मालाथायन ५०% इसि र हाईड्रोलाइज्ड प्रोटिनमा सख्खर २ ग्राम प्रति लिटररका दरले मिसाई छर्ने ।
- इमिडाक्लोरोपिड ०.२ मिलि प्रति लिटर पानीमा मिसाई छर्ने ।

## केराको गबारो-केराको घुन

### व्यवस्थापन




✓ गबारो लागेको गाँजको बिरुवा अन्यत्र रोप्नु हुदैन ।

✓ गबारोले आक्रमण गरेको बोटलाई जरै देखि उखेलेर गानो र थामलाई मसिना टुक्रा टुक्रा पारी नष्ट गर्नुपर्छ वा जलाई दिनु पर्छ ।

✓ एउटा गाँजमा ३ वटा सम्म मात्र बोट राख्नु पर्दछ ।केराको घरी काटे पछि त्यस घरीको थामलाई त्यही ठाउँमा छोड्नु हुदैन । त्यस्तो थामलाई तुरुन्त फेदैबाट काटेर हटाउनु पर्दछ ।

✓ केराको बोटमा लत्रेका वा लत्रन लागेका पातहरु केराको थाम फेदै बाट हटाई गाँजलाई सफा राख्नु पर्दछ ।

✓ गबारोको प्रकोप बढी भएमा केराको प्रत्येक गाँजमा क्लोरोपाइरिफस १०% गेडा ३० ग्रामका दरले बोटको वरिपरि छरेर माटोमा मिलाई दिदा गबारोको नियन्त्रण गर्न सकिन्छ ।

# काक्रो फर्सि वर्गका तरकारीमा लाग्ने फल कुहाउने औंसा

## क्षतिको लक्षण



- यसले फाल्गुण बाट शुरु गरि आश्विन सम्म बढी नोक्सान गर्दछ ।
- नयाँ कलिलो फलको बोक्रा छेडेर एकै पटक दशौंको संख्यामा अण्डा पार्दछ ।
- यसको औंसाले फल भित्र बसेर ७ देखि १० दिनसम्म फलको गुदी खान्छ ।
- अचल अवस्था माटोमा बन्दछ र वयस्क भएर निस्किन्छ र आक्रमण भएको फल औंसाको कारण कुहिएर भुइमा झर्न पनि सक्छ ।

## व्यवस्थापन

- नियमित रुपमा क्षतिग्रस्त फल तथा झरेका फूलहरु संकलन गरेर विषादी युक्ता पानीमा डुबाएर फलमा भएका औंसाहरु मार्ने वा माटोमा कम्तिमा ६० सेमि गहिरो खाडल खनी पुर्ने ।
- हिउँदमा गहिरो खनजोत गर्नाले अचल अवस्थामा रहेको प्युपा माटो बाहिर देखिन्छ र चराहरुले खाईदिन्छ ।
- चाराको रुपमा पाकेको पहेँलो भएको फर्सीको मसिना टुक्रा वा प्रोटिन मिश्रण वा शख्खर राखी कीरा आकर्षण गर्ने र ०.१ प्रतिशतको मालाथियन झोल विषादी हालेर कीराहरु मार्न सकिन्छ ।
- क्युलिएर वा ब्याक्टोसेरा कम्पोजिट फेरोमन ट्रयाप झुण्डाउने ।
- बढी नै क्षति हुने देखिन्छ भने मालाथियन १.५ एम एल र २० ग्राम चिनी र सखर प्रति लिटर पानीमा मिसाएर बनाएको मिश्रण पात वा फलमा छर्ने । विषादी छरेको ७ दिन भन्दा पहिला फल नटिप्ने ।

# गोल्भेडाको फलको गबारो

## क्षतिको लक्षण




- गर्मी समयमा किराको सन्तान उत्पादन दर अत्याधिक हुने भएकोले गर्मी समयमा बढी क्षति गर्दछ ।
- वयस्क पोथी पुतलीले फूलको वरिपरी रहेका कलिलापातहरुमा अण्डाहरु पार्दछन् ।
- अण्डा पारेको २ देखि ३ दिन भित्र साना साना मसिना लार्भा जन्मी चिचिला फलहरुमा आक्रमण गर्दछ ।
- लार्भेहरुमा फलहरुमा प्वाल पारी फलको भित्रि भागमा गुदी खाइ नोक्सानी पुर्याउदछ ।

## व्यवस्थापन



❖ गवारोले नोक्सान गरेका फलहरु र सुकेका हाँगा एवं पातहरु संकलन गरी नष्ट गरिदिने ।

❖ रातको समयमा १-२ वटा लाइट ट्र्याप प्रति रोपनीको दरले समान दूरीमा पर्ने गरी प्रयोग गर्ने ।

❖ गोल्भेडा वालीमा फूल फुल्न सुरु गरेपछि गवारोको वयस्क भाले पुतलीलाई आकर्षण गरी फसाउने हेली ल्यूर पासो प्रति रोपनी जग्गामा १-२ वटाको दरले वालीको उचाई भन्दा १ फिट माथि राखी प्रयोग गर्ने ।

❖ क्लोरानट्रानिलिप्रोल ०.४ एमएल वा ल्याम्डासाइहिलोथिन ०.५ एमएल वा नोभालुरन १ एमएल प्रति लिटर पानीको दरले प्रयोग गर्ने ।

# आलुको पुतली

## परिचय

शरीरको रङ्ग मैलो सेतो र लम्बाई ७-९ से. मि. को हुन्छ ।

## क्षतिको लक्षण

- आलु वालीको सबभन्दा महत्वपूर्ण शत्रुको रुपमा रहेको यो कीराले आलुको दाना र पातमा क्षति गर्ने गर्दछ ।



**Potato Tuber Moth**
(*Phthorimaea operculella*)

- लार्भाले पात र डाँठमा सुरुङ्ग बनाएर क्षति गर्दछ भने भण्डारणमा दानामा हुने आँखाबाट सुरुङ्ग बनाएर क्षति गर्दछ । अत्याधिक प्रकोप भएमा भण्डारणमा शत प्रतिशत सम्म क्षति हुन सक्छ ।

## व्यवस्थापन




- स्वस्थ बीउ प्रयोग गरी १० सेमीको गहिराइमा आलु रोपण गर्ने ।
- उचित समयमा सिँचाई दिई ड्याङलाई धाँजा फाट्नबाट जोगाउने ।
- पि.टी.एम ल्यूर प्रयोग गरी बनाइएको पासोको प्रयोग गर्ने ।
- छहारीमा सुकाइएको तीतेपाते वा ठुला बेथे वा पुदिना  वा हात्ती सिस्नुको पात टुक्रा पारी संचित आलु माथि तह मिलाइ राख्ने ।
- खायन आलुमा प्रकोप देखिएमा कुनै पनि विषादीले उपचार नगरी शुद्ध पानीमा २४ घण्टा डुबाइ छहारीमा सुकाई भण्डारण गर्ने ।

- बोझोको जराको धुलो २ ग्राम प्रति रोपनीका दरले मिसाइ भण्डारण गर्ने ।
- बीउ आलु भण्डारण गर्नु पर्दा मालाथियन ५ प्रतिशत धुलो २५ ग्राम प्रति केजी आलुका दरले प्रयोग गरी गर्न सकिन्छ ।
- व्यासिलस थुरिन्जियन्सिस (वि.टी) ६ ग्राम प्रति केजी आलुका दरले उपचार गर्ने ।

## आलुको पात खन्ने झिंगा

### क्षतिको लक्षण

- भर्खर अण्डाबाट कोरलिएका लार्भाहरुले कलिला पातहरुमा सुरुङ्ग बनाई क्षति गर्न सुरु गर्छ भने पछि छिप्पिएका पात तथा डाँठहरुमा समेतमा सुरुङ्ग बनाई क्षति गर्दछ । यसको क्षतिबाट २० प्रतिशत उत्पादन घटेको पाइएको छ ।



### व्यवस्थापन



- बाली तथा किराको नियमित अनुगमन गर्ने ।
- स्वस्थ बीउ आलुको प्रयोग गर्ने ।
- उपयुक्त समयमा सिचाई गर्ने तथा उचित मात्रामा मलखादको प्रयोग गर्ने ।
- इमामेक्टिन बेन्जोयट १.५ एम. एल. प्रति लि. पानीका दरले पुरै बोट भिज्ने गरी छर्कने ।

# रातो कमिला

## क्षतिको लक्षण



- माटो भित्र फल्ने वालीमा यी कीराले मसिना प्वाल-प्वाल पारी बिगारीदिन्छ जुन खान लायक हुदैनन् ।
- जरा र जरा माथिको डाँठ खण्डमा पनि यिनिहरुको आक्रमण हुन्छ । जसले बोटहरु ओइलिन्छन् र मर्छन ।
- आलु र गाँजर यस कमिलाका लागि अति मन पर्ने वाली हुन ।

## व्यवस्थापन

- काँचो गोबर मलको प्रयोग नगर्ने ।
- आलु रोपेको क्षेत्रमा गाजर पनि छर्नाले यस कीराको ध्यान आलुवाट हट्छ र आलु वाली बचाउन सकिन्छ ।



- असुरो र खिर्रो लाई हरियो मलको रुपमा प्रयोग गर्ने, चिउरीको पिना तथा केतुकीको पातका टुक्राहरु मिसाउनाले यसको आक्रमण घटाउन सकिन्छ ।
- तितेपाते तथा बनमाराको पात २५० केजी प्रति रोपनीका दरले आलु लगाउनु भन्दा अघि माटोमा प्रयोग गर्ने ।
- सिचाईको राम्रो व्यवस्था मिलाइ माटोको चिस्यान कायम राख्ने ।
- पाउरोटी वा गहुँको रोटीको टुक्रामा क्लोरोपाइरिफस १.५ एम एल प्रति लिटरको झोल मिलाइ चारा राख्ने ।

- कमिलाको आक्रमण भएको देख्नसाथ आलुको ड्याङ डुब्ने गरी सिँचाई गर्ने ।
- क्लोरोपाइरीफस १ केजी प्रति रोपनीका दरले आलु लगाउनु भन्दा अघि माटोमा प्रयोग गर्ने ।

## गोल्भेडाको पात खन्ने किरा

### परिचय

यस कीराले गोल्भेडाको साथै भण्टा, खुर्सानी र आलु वालीमा समेत नोक्सानी पुर्याउदछ । वयस्क पुतली खैरो/खरानी रंग मिसिएको र पखेटामा स-साना काला धव्वा देख्न सकिन्छ ।

### कीराको जीवनी




अण्डा, लार्भा, प्युपा र वयस्क हुन्छ । वयस्क पोथी पुतलीले पातमा र केहि डाँठ, मुना, भेट्नो र फलको पत्रदलमा एउटा एउटा वा स-साना झुप्पामा गरी एक जिवन कालमा लगभग २६० वटासम्मा अण्डा पार्दछ । पूर्ण विकसित लार्भा ९ मिमि को हुने र लार्भाको टाउको पछाडीको माथिल्लो भागमा हुने कालो अर्ध चन्द्रकार धब्बाले पहिचान गर्न सकिन्छ । सुरुको अवस्था हरियो रंगको हुन्छ र पछि गएर अन्तम अवस्थामा हल्का पहेलो गुलावी रंगको जीउ हुने र टाउको कालो देखिन्छ । प्युपा अवस्थाको अवधि १० दिनको हुन्छ ।

### क्षतिको पहिचान

- पातको बीचको हरियो भाग खाइ सेतो झील्लीमात्र छाड्दछ ।
- क्षति ग्रस्त पातलाई नियालेर हेर्दा सेतो झिल्ली भित्र लार्भा देख्न सकिन्छ र वरिपरी कालो विष्ट पनि भेटिन्छ ।




- फलको भेट्नाको वरिपरि मसिनो प्वाल पारी भित्र सुरुङ्ग बनाई क्षति गर्दछ ।
- यसले कलिलो फलमा बढि क्षति गर्दछ ।
- यो किराको आक्रमण बढी भएमा पुरै पातहरु जलेर नष्ट भएको देखिन्छ ।

**व्यवस्थापन**



- ✓ कीराले संक्रमण गरेका पातहरु र अन्य बिरुवाका भागहरु हटाई नष्ट गर्ने, जलाउने वा कम्तिमा १ फुट गहिराइमा गाड्ने ।
- ✓ वयस्क माउ पुतलीलाई नियन्त्रण गर्न टि एल एम ल्युर वटा टि पासो प्रति रोपनी ५ का दरले राख्ने अथवा प्रति रोपनी १ बत्तीको पासो प्रयोग गर्ने ।
- ✓ निममा आधारित कीटनाशक विषादी एजाडिरिक्टिन ३ एम एल प्रति लिटर पानीमा मिसाइ ७-७ दिनको अन्तरालमा छर्ने ।
- ✓ गहुँत पानी १:५ को अनुपातमा मिसाइ ५-५ दिननको फरकमा छर्ने वा
- ✓ क्लोरोएन्टानिलिप्रोल, स्पिनोस्याड वा इमामेक्टिन बेन्जोएट १ मिलि प्रति ३ लिटर पानीमा मिसाई १०-१५ दिनको फरकमा छर्ने ।
- ✓ कीराले विष पचाउने क्षमताबाट बचाउन माथि उल्लेखित कीटनाशक विषादीहरु आलोपालो गरि प्रयोग गर्ने ।

# तोरीको लाही

## परिचय

पखेटादार पोथी लाहीहरु कार्तिकको तेस्रो सातादेखि परी चैत्र महिनासम्म आक्रमक रहन्छन् यस अवधिमा ११ औं पुस्ता सम्म तयार हुन सक्छ। यो लाही किरा १५-२१ दिनसम्म बाँच्दछ।

## क्षतिको लक्षण




- ❖ वयस्क र बच्चा दुवै लाहीहरुले बोटको विभिन्न भागहरुवाट रस चुसेर खाइ बोटको सन्तुलन बिग्रिने र पातहरु पहेला, गुजुमुजु पर्ने वा बटारिने हुन्छ।
- ❖ अत्याधिक आक्रमण भएको अवस्थामा डाँठहरु ओइलिन्छन्। बोटहरुको विकास रोकिन्छ र अन्तमा सुकेर मर्दछन्।
- ❖ लाहीहरुले निकालेको गुलियो बिष्टका कारण पातमा कालो ढुशी पनि उम्रन्छ
- ❖ यो कीराले भाइरस जन्य रोगहरु पनि बिरुवामा सार्दछ।

## व्यवस्थापन

- ➢ नाइट्रोजनयुक्त रासायनिक मलको बढी प्रयोग गर्ने।
- ➢ यो कीराको प्राकृतिक शत्रु लेडी बर्ड बिटल कीराको संरक्षण गर्ने।
- ➢ स्थानीय स्तरमा नीमको बीउबाट बनेको झोल, खुर्सानीको प्रयोग गरी बनाइएको झोल वा लसुनको प्रयोग गरेर व्यवस्थापन गर्न सकिन्छ।
- ➢ गाइबस्तुको मुत्र र पानी १:४ को अनुपातमा मिसाइ २-३ दिनको फरकमा छर्ने।

➢ प्रकोप बढ्दै गएमा डाइमेथोएट १.५ एमएल प्रति लिटर पानीका दरले वा मालाथियन १ मिलि प्रतिलिटर पानीका दरले विरुवा राम्रो संग भिज्ने गरी छर्ने ।

## बन्दाको पुतली

### परिचय

लार्भेहरु पहेंलो - हरियो शरीर भरी काला थोप्लाहरु र पिठ्युँतर्फ शिरदेखी पुच्छरसम्म तीनवटा पहेला धर्सा भएका हुन्छन् ।



काउली, बन्दा, ब्रोकाउलीको साथै यो कीराले सलगम, मूला, रायो र तोरी वालीलाई पनि नोक्सानी गर्दछ ।

### क्षतिको पहिचान

✓ लार्भेहरुको आक्रमणबाट स-साना बोटहरुका कलिला पातहरु खाइ नोक्सानी गर्दछ र विरुवाहरु हुर्कन नपाउँदै मर्दछन् ।




✓ ठूला बोटहरुमा मसिना लार्भेहरुले गर्दा पातहरुमा छिया छिया परेको देखिन्छ ।

✓ लार्भे बढ्दै गइ ठुलो भइ वालीको पातको मुख्य नसाहरु मात्र बाँकी रहने गरी खान्छन् ।

### व्यवस्थापन

■ वाली लगाएपछि नभित्राउन्जेल वाली र कीराको नियमित अनुगमन गर्ने ।

- पुतलीहरुलाइ हातले पक्रेर नष्ट गर्ने ।
- किराले पारेको अण्डा तथा लार्भेहरुलाइ जम्मा गरी नष्ट गर्न सकेमा अति प्रभावकारी रुपमा व्यवस्थापन गर्न सकिन्छ ।
- सन्तुलित रुपमा मलखादको प्रयोग गर्ने, नाइट्रोजनको मात्र प्रयोग नगर्ने ।
- व्याक्टेरिया जन्य जैविक विषादी बि.टी २ ग्राम प्रति लिटर पानीका दरले छर्ने ।
- कीराको प्रकोप बढ्दै गएमा मालाथियन २ मिलि प्रति लिटर पानीका दरले छर्ने ।

# तरकारी बालीका रोगहरु

## जरामा गाँठा बनाउने रोग

### क्षति गर्ने बाली

✓ गोलभेडा, भण्टा, रामतोरिया, आलु, काउली, वन्दा, फर्सि, काक्रो लगाएतका लहरे बालीहरु, भिण्डी, सिमी, बोडी लगाएतका विभिन्न अन्नबाली तथा नगदेबाली तथा फलफुलवाली मा समेत यसले नोक्सान गर्न सक्दछ ।



### व्यवस्थापन

- खेतको सरसफाई,घुम्ती वाली लगाउने,ड्याङको विच विचमा सयपत्री फूल लगाउने ।
- रायो/ तोरीको पिना विरुवा रोप्नु अघि २००-२५० ग्राम १ वर्ग मिटरको दरले प्रयोग गर्ने ।

- गाईवस्तुको काँचो मलमुत्र वा वायोग्याँस स्लरी २ के.जी प्रति वर्ग मिटरका दरले खनजोत गर्ने वेलामा प्रयोग गर्ने ।



- काली तोरी छर्ने, फुल्ने वेलामा माटोमा पल्टाई दिँदा नेमाटोड ग्रस्त माटोमा सुधार आउँछ ।
- फोसथियाजेट ५०० एस एल १ मिलि प्रतिलिटर पानीका दरले माटोमा मिसाई उपचार गर्ने ।

## काँक्रो फर्सीको सिते ढुसी रोग

**लक्षण**

- पातमा हल्का पहेँलो खैरो रङ्गको कुना परेका थोप्लाहरु देखा पर्दछन् ।




- अत्याधिक आक्रमण भएको अवस्थामा पातहरु छिट्टै सुकाई बोटलाई समेत सुकाउँदछ ।
- फलको आकार समेत विकृत हुने गर्दछ ।

**व्यवस्थापन**

- रोग रहित क्षेत्रको स्वस्थ बीउ मात्र प्रयोग गर्ने ।
- बाक्लो बिरुवा नराख्ने, पातको माथी पानी नजम्ने गरी सिंचाई दिने ।
- रोगी बोट र अन्य झारपातहरु उपयुक्ता तरिकाले नष्ट गर्ने ।
- थिराम ७५ प्रतिशत २ ग्राम प्रति किलोका दरले बीउ उपचार गर्ने ।
- फूल नलागेको अवस्थामा भए कपर अक्सीक्लोराइड ५० प्रतिशतको धुलो २-३ ग्राम प्रति लिटरका दरले मिसाई छर्ने ।

- मेन्कोजो २ ग्राम प्रति लिटर पानीका दरले मिसाई पात पुरै भिज्ने गरि छर्ने ।

## वेर्ना कुहिने रोग

**लक्षण**



- बेर्ना उम्रिनु अगावै जमिन माथी आउने क्रममा रोगको आक्रमण भएमा माटो भित्रै मर्छ ।
- बेर्ना उम्रीसके पछि रोग लागेमा बेर्ना ढल्छ ।
- फेदको वरिपरि वोक्राको भाग खुम्चिने र पानीले भिजेको जस्तो भइ बिरुवा ढल्छ र विस्तारै ओइलाउछ र मर्छ ।

**व्यवस्थापन**

- पर्याप्त घाम लाग्ने, पारीलो र छायाँ नपर्ने ठाउँमा नर्सरी बनाउने ।
- हरेक सिजनमा एउटै ठाउँमा नर्सरी नबनाउने ।
- ब्याड बनाँउदा केही अग्लो बनाउने तथा बाक्लो बीउ नछर्ने र पानीको निकास राम्रो प्रवन्ध गर्ने ।
- नर्सरी ब्याड तयार गर्नु अघि सिंचाई गरी करिब १५ सेमि बाक्लो सुकेका पात पतिङ्गर जम्मा गरी जलाउने र खरानी समेत माटोमा मिसाइ नर्सरी ब्याड तयार गर्ने ।
- बीउ उपचार गरी रोप्ने ।
- रोग लागेको अवस्थामा कार्वेन्डाजिम २ ग्राम प्रति लिटर पानीका दरले मिसाएर छर्ने ।

# पछौटे डढुवा

## क्षती गर्ने बाली

आलु, टमाटर लगायत सोलानेसी परिवारका वालीहरु ।

## क्षतीको लक्षणहरु



- पातको टुप्पो वा किनारामा भिजेको जस्तो फुस्रो हरियो देखा पर्दछ । जुन चाँडै बढ्छ र दागको पछाडि हेर्दा सेतो वा खैरो कपासको रेशा जस्तो ढुसी देखिन्छ ।
- यो रोग डाँठ र दानामा समेत लाग्दछ ।
- उपयुक्त मौसम भएको अवस्थामा छोटो समयमै पूरा बोट जलेको जस्तो देखिन्छ ।
- रोग लागेको आलुको दाना खैरो देखी वैजनीरंगको हुन्छ । दाना भित्र कुहिएर खैरो हुन्छ ।

## व्यवस्थापन

- स्वस्थ बीउ रोप्ने ।
- रोग लागेको आलुको दाना र विरुवा अवशेष हटाउने ।
- रोग अवरोधक जातहरु जानकी, कुफ्री ज्योति, एन. पि. आइ. १०६, १०८, सि. एफ. जे प्रयोग गर्ने ।
- सुरक्षित रोगनाशक विषादी म्यान्कोजेव ७५ प्रतिशत डव्लु पि वा कपर अक्सिक्लोराइड ५० प्रतिशत डव्लु पि २-३ ग्राम प्रति लिटर पानीको दरले मिसाएर ७ दिनको फरकमा ३-४ पटक छर्ने वा
- प्रतिकुल मौसम भएमा दैनिक विषादी र सुरक्षात्मक विषादी आलो पालो गरेर छर्नाले धेरै प्रभावकारी हुन्छ ।

# एजेरू

**क्षति गर्ने बाली** : आलु

**लक्षण**




आलुको जरा बाहेक डाँठ, त्यान्द्रा दाना तथा पातमा सेता खटिरा जस्ता लक्षण देखिन्छन । आलुको दानाको आँखाहरुमा ससाना सेता खटिराहरु जस्ता लक्षण देखिन्छन । जुन पछि विस्तारै बढेर काउली जस्तो फुक्क भई पूरा दानालाई नै घेरी आलुको आकार विग्रिन्छ । त्यस्तो आलु पछि कालो हुँदै जान्छ र कुहिन्छ ।

**व्यवस्थापन**

- रोग ग्रस्त क्षेत्रबाट ल्याएको आलुको बीउ प्रयोग नगर्ने ।
- स्वस्थ आलुको बीउ मात्र रोप्नको लागि प्रयोग गर्ने ।
- कुफ्री ज्योति, एन. पि. आई १०६, एन. पि. आई १०८ जस्ता रोग अवरोधक जातहरु लगाउने ।
- रोगग्रस्त क्षेत्रमा काम गर्दा प्रयोग भएको ज्यावल र जुत्ता सफा गरेर मात्र अर्को प्लटमा काम गर्नु पर्दछ ।
- पाँच वर्ष भन्दा बढीको वालीचक्र अपनाउने ।
- रोगको लक्षण देखिएका दानाहरु गहिरो खाडलमा गाड्ने वा जलाइ नष्ट गर्ने । रोगी दाना पशुहरुलाइ पनि नखुवाउने, खेतमा पनि नछोड्ने र कम्पोष्ट बनाउनका लागि पनि प्रयोग नगर्ने ।

## सुन्तलाजात फलफूलको क्याङ्कर

**क्षती गर्ने वाली :** सुन्तला जातका फलफूल ।

**लक्षण**



सुन्तलाजातको विरुवाको सबै भागमा यसले आक्रमण गरी सानो-सानो खटिरा बनाउँदछ । यसले गर्दा बोटको वृद्धि र फलको गुणस्तर घट्दछ । यो रोग कागतीमा बढी लाग्छ । यो रोग धेरै जसो रोगग्रस्त नर्सरीमा उत्पादन भएका रोगी विरुवाबाट सर्न पुग्दछ । पातमा हाँगामा, काण्डमा, फलमा सानो गोलो, पारदर्शी दागहरु देखिन्छन् ।

**व्यवस्थापन**

- बगैंचाको नियमित रुपमा सरसफाई गर्ने तथा झारपातहरु हटाउने ।
- रोग ग्रस्त हाँगाहरु काँटछाँट गर्ने रोगी तथा झरेका पातहरु जम्मा गरी जलाएर नष्ट गर्ने ।
- यो रोग पात खन्ने लिफमाइनरले सार्ने भएकोले यसको नियन्त्रण गर्ने ।
- रोग लाग्नु भन्दा अगावै १ प्रतिशत बोर्डो मिक्सचर फागुन, जेठ र असोजमा विरुवाहरुमा छर्ने ।
- रोग लागि सकेको अवस्थामा कासुगामाईसिन ढुसीनाशक विषादी १.५ एम.एल. प्रति लिटर पानीमा फागुन देखी वर्षा नसकिदाँसम्म १२-१५ दिनको अन्तरमा बोटमा छर्ने ।

# गुँद निस्कने रोग

**क्षती गर्ने बाली :** फलफूलहरु ।

**लक्षण**



शुरुमा रोग लागेको हाँगाको बोक्राको भाग चिरीएको भागबाट गुँद निस्कन्छ। बोक्रा वा हाँगा चर्किन्छ र सुक्छ। चर्केको भागबाट गुँद निस्कन्छ । रोग लागेको जरा कुहिन्छ । फल झर्छ र मसिनो हाँगाहरु सुक्छ ।

**व्यवस्थापन**



- लिफमाईनर कीरा नियन्त्रण गर्न कीटनाशक विषादी छर्ने ।
- सुकेका, रोग लागेको भाग काँटछाँट गर्ने ।
- गुँद निस्केको भागको वरीपरी खुर्केर सफा गर्ने ।
- घाउमा १० प्रतिशतको बोर्डो लेप लगाउने ।
- पानी निकासको राम्रो प्रबन्ध गर्ने ।
- नियमित रुपमा बोर्डोमिक्चर १ प्रतिशत छर्ने ।
- प्रांगारिक मलसंग संतुलित रसायनिक मल प्रयोग गर्ने ।

# सुन्तला जात फलको ग्रिनिङ रोग

## लक्षण

रोग लागेपछि सुरुको अवस्वथामा २/४ वटा हाँगामा मात्र देखिन्छ र क्रमश पूरै हाँगामा फैलिन्छ । रोग लागेका पात पहेँला, मसिना, ठाडा र गुजुमुच्च परेका साथै पात पहेँलोमा छिर्केमिर्के देखिन्छ । रोगी बोट झट्टै मर्दैन तर मर्ने अवस्थामा पुग्दा फूल फुल्ने सिजनमा अत्यधिक मात्रामा फूल फुल्छ र मसिना फल लाग्दा लाग्दै पुरै बोट मरेर जान्छ ।



## व्यवस्थापन

- स्वस्थ विरुवा रोप्ने ।
- रोगी विरुवा एक ठाँउबाट अर्को ठाउँ जान नदिने ।
- रोग बाहक किरा नियन्त्रण गर्न किटनाशक विषादी छर्ने ।
- रोग सहन सक्ने जातको विरुवामा कलमी गर्ने ।

# धानको मरुवा रोग

## लक्षण



पातमा स-साना सेता टीका बीचमा भएका डुङ्गा आकारका लाम्चिला खैरा थोप्ला देखा पर्दछन् । बालादेखि तलको डाँठको वरिपरि वा आँख्लामा खैरो रङ भएको दाग पनि देखिन्छन् । थोप्ला जोडिदै जाँदा पुरै पात डढेको देखिन्छ । आँख्लामा आक्रमण भएमा सजिलै भाँचिन्छ, बालाको फेदमा आक्रमण हुँदा बाला भाँचिन्छ वा सेकेर जान्छ जसलाई घाँटीको डढुवा- Neck Blast पनि भनिन्छ ।


**व्यवस्थापन**

- रोग अवरोधक लगाउने ।
- कार्वेन्डाजिम ५० प्रतिशत डब्लुपी २-३ ग्राम प्रति किलो बीउको दरले बीउ उपचार गरी ब्याड राख्ने ।
- संतुलित मात्रामा रसायनिक मल प्रयोग गर्ने , सिफारिस गरेको भन्दा धेरै नाईट्रोजन प्रयोग नगर्ने ।
- सिंचाईको पानी रोग लागेको खेतबाट रोग नभएको ठाँउमा जान नदिने ।

## धानको डढुवा रोग (Bacterial Leagf Blight)

**क्षतीको लक्षण**

पातको किनारामा भिजेको जस्तो दाग देखिन्छ र दाग बढेर किनारा तरगीं हुँदै पहेंलो वा हलुका खैरो रङ्गका देखिन्छन् । पातहरु टुप्पोबाट सुकेर मर्दछने । कलिलो बोटमा आक्रमण गरेमा ओइलाउने र मर्ने हुन्छ जसलाई kresek भनिन्छ ।



**व्यवस्थापन**

- रोग अवरोधक जातको प्रयोग गर्ने ।
- सिफारिस अनुसारको रासायनिक मल प्रयोग गर्ने ।
- एग्रीमाइसिन- १०० विषादी ०.२५ ग्राम वा स्ट्रेप्टोमाइसिन सल्फेट ± टेट्रासाइक्लिन हाइड्रोक्लोराइड ०.२५ ग्राम प्रति लिटरका दरले बनाएको झोलमा बीउलाइ ३० मिनेट डुवाएर बीउ उपचार गर्ने ।
- रोग लागेको खेतमा केही दिन पानी सुकाउने, रोग लागेको खेतबाट स्वस्थ खेतमा  पानी जान नदिने ।

## सिथ ब्लाइट (Rhizoctonia Solani)

**क्षती गर्ने बाली** : धान

**लक्षण**

पातको फेदमा अण्डाकार खैरा थोप्लाहरु देखा पर्दछन् । पछि आकारमा वृद्धि हुँदै जान्छ र थोप्ला भएको ठाँउमा ढुसीको कालो गिर्खाहरु देखापर्दछ। बोटको माथिल्लो भागमा समेत पुग्छ र सुकेर डढेको जस्तो देखिन्छ ।



**व्यवस्थापन**

- रोग अवरोधक जातको प्रयोग गर्ने ।
- सिफारिस मात्रामा सन्तुलित मल प्रयोग गर्ने। बाक्लो रोपाई नगर्ने।
- भेलिडामाईसिन ३ प्रतिशत ३ ग्राम प्रती लिटर पानीमा मिसाएर प्रयोग गर्ने ।
- हेक्जाकोनाजोल ५ प्रतिशत २ मिलि प्रती लिटर वा प्रोपिकोनाजोल २५ प्रतिशत १ मिलि प्रती ४ लिटर पानीमा मिसाएर छर्ने ।

## खाद्य तत्वको कमिका कारण बिरुवामा देखिने लक्षणहरुको पहिचान

### १. नाइट्रोजन (Nitrogen)



तल्लो पातहरु पहिलिने र छिट्टै पात झर्छ भने माथिल्लो पातहरु सामान्यत हरियो नै रहन्छन। जबसम्म अति प्रभावित हुँदैनन्। नाइट्रोजनको कमि भएको विरुवामा सामान्य भन्दा सानो हुन्छ र फल पनि सानै लाग्छ। यस्ता विरुवाहरु रोग र कीराबाट पनि बढी प्रभावित हुन्छन्। नाइट्रोजनको कमि भएको अवस्थामा पातको मध्यवाट किनारतर्फ पहेँलिदै जान्छ।

### २. फस्फोरस (Phosphorous)



माथिल्लो पातहरु गाडा हरियो तथा वैजनी रङ्गको, तल्ला पातहरु गाडा हरियो र चमक विहिन तथा नीलो हरियो रहन्छ। पातको किनाराहरुमा रातोपान देखिन्छ।

### ३. पोटासियम (Pottasium)



तल्ला पातहरुको रङ्गहरु हल्का फिका रङ्ग तथा पातको किनार पहेलो तथा डढेको जस्तो देखिने हुन्छ भने माथिल्ला पातहरु सामान्यत स्वस्थकर जस्तै देखिने हुन्छ। फलफूलको पात प्राय: घुम्रिने हुन्छ। मूख्य नशा र वरिपरीको भाग प्राय: हरीयो रहन्छ।

## ४. क्यालसियम (Calcium)



माथिल्लो पातहरु प्राय राम्रो सँग फक्रन सक्दैन । विरुवाको टुप्पो कालो र पुड्को हुन्छ। खास गरेर टमाटरमा फल कुहिने समस्या - Blossom End Rot देखिने गर्दछ ।

## ५. बोरन (Boron)



बोरनको कमिले गर्दा हुने खैरो सडन काउलीबाली परिवारका विरुवाहरुमा बढी देखिने गर्दछ। काउलीको केन्द्र भागमा पानीले भिजेको जस्तो खैरो धब्बा देखिन्छन् । यसको कमीको लक्षण बढ्दै गएमा बोटको डाँठ भित्र खोक्रो हुन्छ ।

# सन्दर्भ सामाग्री


- पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) राष्ट्रिय योजना आयोग नेपाल
- नेपालको संविधान (२०७२) कानून किताब व्यवस्था समिति बबरमहल, काठमाडौं
- केसी, रमेश, साच्चै कृषि क्रान्ति गर्ने नै हो भने, ग्रिन हिल कृषक समूह नयाँपाटी, काठमाडौं एग्रो टाइम्स मासिक पत्रिका, वर्ष २, अंक १, कार्तिक २०७१, पृषठ १३
- आमूल परिवर्तनको खाका ( जेठ २०६३) नवदीप प्रकाशन बागबजार, काठमाडौं
- सत्याल, संजीव, जनताको घोषणा पत्र भाग १, आर्थिक क्रान्तिको प्रस्ताव,प्रकाशक तिवारीज पिल्ग्रिम्स बुक हाउस ठमेल, काठमाडौं, नेपाल
- नेपाली कृषि क्रान्तिको अवधारणा र विधान, २०७५, अखिल नेपाल किसान महासंघ क्रान्तिकारी
- नेपाल, राजेन्द्र प्रसाद( बैशाख २०७५) आर्थिक समृद्धि चाहना प्रयास र वास्तविकता, प्रकाशक इन्दु शर्मा नेपाल, मनोहरा मार्ग कोटेश्वर, काठमाडौं
- बास्तोला, पशुपतिनाथ,(श्रावण २०६६) फ्युजन पुँजीवाद र साम्यवादबीचको सामाजवदी लोकतान्तिक राज्य पुन संरचना र आर्थिक क्रान्तिको अवधारणा, प्रकाशक श्रीमति शान्ति बास्तोला
- रातो, झिल्को, (जनवरी -मार्च २०१०) वहस भावी संविधानका अन्तरवस्तुहरु वर्ष १ अंक ३
- पौडेल, विष्णु, (वैशाख - जेठ २०६५) नेपालमा कृषि विकासका प्रयास, चुनौति र संभावनाहरु वर्ष ४५ अंक १

- हाडा, गम्भिर बहादुर, (असार-श्रावण २०६२) नेपामा कृषि विकासको अवस्था : एक चर्चा, वर्ष ४२, अंक २
- बास्तोला, धर्मेन्द्र, (२३ श्रावण २०७६) नेपालमा कृषि क्रान्ति, यार्सा न्यूज डट कम
- बस्नेत, नरेन्द्र, (२९ असार २०७७) यसरी गरौं कृषि क्रान्ति, सेतोपाटी डट कम
- ढुंगेल, मुरारी, (१६ श्रावण २०७७) नेपालमा कृषिको संभावना, गोरखापत्र अनलाईन
- कोइराला, दिनेश कुमार, (२४ मे २०२०) नेपालमा कसरी हुन सक्छ कृषि क्रान्ति, नेपाल बहस डटकम
- नाथ, बासुदेव, (१७ श्रावण २०७७) किसान नेत भीमदत्त पन्त र कृषि क्रान्ति, मिरमिरे अनलाईन डटकम
- कृषि तथा पशुपन्छि डायरी २०७९ कृषि सूचना तथा प्रशिक्षण केन्द्र हरिहरभवन, ललितपुर

# कृषि शाखा अन्तरगत भएका कामहरू








डिष्टिल
Distilled








आयोजना सूचना पाटी


© घ्याङलेख गाउँपालिका
Knapsack Sprayer
16L










सचिव र कार्यालय सहायक
परिषद, अध्यक्ष र सचिव
माटो तथा
JUST DO IT








स्वास्थ्य, शिक्षा, कृषि र भौतिक पूर्वाधार !
घ्याङलेखको समृद्धिको आधार !!
घ्याङलेख गाउँपालिका
एकीकृत घुम्ती शिविर
मिति
स्थान
२०७५ फाल्गुण १५ गते - वडा नं. ५ रामपुर
२०७५ फाल्गुण १६ गते - वडा नं. ४ बन्दिपुर
२०७५ फाल्गुण १७ गते - वडा नं. ३ तामाजोर
२०७५ फाल्गुण १८ गते - वडा नं. २ भैंसे
२०७५ फाल्गुण १५ गते - वडा नं. १ अमले
सेवाहरु
१) सामाजिक सुरक्षा भत्ता वितरण
२) पशु उपचार सेवा
३) कृषि सेवा
४) स्वास्थ्य तथा आयुर्वेद सेवा
५) शिक्षा तथा योजना सम्बन्धी सेवा
६) अपाङ्गता परिचय-पत्र वितरण
आयोजक
घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको




तथा बाली परीक्षण
मिति:
कार्यक्रम
साझेदार संस्था












© घ्याङ्लेख गाउँपालिका
SILPAULIN








Pretty


JUST DO IT


तथा बाली परीक्षण शिविर


KELME
JUST DO IT








डिष्टिल वाटर
Distilled Water






धान दिवस २०७९
असार १५






"भोकालाई एक छाक भोजन होइन, जीवन युक्ति सिकाऔं ।"
"कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम"
माटो तथा बाली परीक्षण शिविर
मितिः २०८०/०१/११ १ दिने कार्यक्रम
आर्थिक तथा प्राविधिक सहयोग
घ्याङलेख गाउँपालिका, सिन्धुली
हेफर प्रोजेक्ट नेपाल
साझेदार संस्था
निःशुल्क
१ घण्टा
आधा घण्टा


गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA
मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी
सिपविकास तालिम
आयोजक


COPPER




घ्याङलेख गाउँपालिका
गाउं कार्यपालिकाको कार्यालय
© घ्याङलेख गाउँपालिका




"स्वास्थ्य शिक्षा, कृषि भौतिक पूर्वाधार
घ्याङलेखको समृद्धिको आधार"
घ्याङलेख गाउँपालिका, सिन्धुली
कृषि औजार वितरण कार्यक्रम
मिति: २०७७।०३।१६






(MEDPA)
सम्बन्धी
आयोजक
हायुटार, सिन्धुली










कार्यक्रम
साझेदार


SKT
SKT
SKT






" धान बालीमा जैविक विविधता उपयोग: आयात प्रतिस्थापनमा सहयोग "
राष्ट्रिय
धान दिवस २०७९
असार १५
आयोजक
घ्याङलेख गाउँपालिका
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

